# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक ११२ | काठमाडौं | आइतबार, २८ साउन २०८० | Prabhab National Daily | Sunday, August 13, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## 'पोलिसी ह्याकाथन' आयोजना गर्दै कांग्रेस

- गिग अर्थतन्त्र र जलवायु परिवर्तनको विषयमा देखिएका नीति निर्माणमा युवा सहभागिताको खोजी
- भदौ ३ गतेसम्ममा आवेदन दिइसक्नुपर्ने, भदौ ९ गते फाइनल कार्यक्रम हुने
- उत्कृष्ट १० मध्येबाट पहिलो हुनेलाई तीन लाख पुरस्कार

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसले 'पोलिसी ह्याकाथन' कार्यक्रमको घोषणा गरेको छ । युवा र नीति निर्माण प्रक्रियाबीचको खाडल हटाउन कांग्रेसले पोलिसी ह्याकाथन आयोजना गर्न लागिएको कांग्रेस सहमहामन्त्री जीवन परियारले जानकारी दिए । 'युवा जनशक्तिलाई हामीले राष्ट्र निर्माणमा जोड्न सकेका छैनौं । युवा शक्ति नै देशको अमूल्य शक्ति हो,' कार्यक्रम घोषणा गर्दै सहमहामन्त्री परियारले भने, 'युवा जनशक्तिमा भएका क्षमतालाई राष्ट्र शक्तिमा बदल्न यो कार्यक्रम आएको हो ।'

अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारी कांग्रेसले यो कार्यक्रमको घोषणा गरेको जनाएको छ । नीतिविज्ञ, प्राज्ञ, अनुसन्धानकर्ता, प्राविधिक, डिजाइनर र स्वदेश वा विदेशमा बस्ने नेपाली विद्यार्थीले यस ह्याकाथनमा सहभागी बन्न पाउने कांग्रेसले जनाएको छ । ४० वर्ष ननाघेका युवाहरूको एक टोलीमा तीनदेखि पाँच जनासम्म सहभागी बन्न पाउनेछन् । ह्याकाथानमा गिग अर्थतन्त्र र जलवायु परिवर्तन गरी दुई मुख्य विषय समावेश छन् ।

आवेदकहरूले दुई विषयमध्ये कुनै एकमा नीतिपत्र प्रस्तुत गर्नुपर्ने र तीन हजारदेखि पाँच हजार शब्द समावेश हुनुपर्नेछ । उत्कृष्ट १० नीतिपत्र छनोटपछि प्रत्येक टोलीलाई मेन्टर नियुक्त गरिने कांग्रेसले जनाएको छ । भदौ ३ गतेसम्ममा आवेदन दिइसक्नुपर्ने र भदौ ९ गते फाइनल कार्यक्रम हुने कार्यतालिका रहेको छ ।

उत्कृष्ट १० मध्येबाट पहिलो हुनेलाई तीन लाख पुरस्कार प्रदान गरिने कांग्रेस केन्द्रीय कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए । त्यसैगरी दोस्रो हुनेलाई एक लाख ५० हजार र तेस्रो हुनेलाई ५० हजार रूपैयाँ पुरस्कार प्रदान गरिने पौडेलले जनाए । तीन शीर्ष टोलीको नीतिपत्र कांग्रेस संसदीय दलभित्र छलफल हुने र यी नीतिपत्रहरूलाई पार्टीले ग्रहण गर्ने कांग्रेसले जनाएको छ । 'उत्कृष्ट विचारलाई हामीले पार्टीको सबै तहमा लागू गराउनेछौं,' सहमहामन्त्री परियारले भने ।

**के हो पोलिसी ह्याकाथन ?**

सिर्जनशील क्षमतालाई प्राथमिकता दिन कांग्रेसले यो कार्यक्रमअघि बढाएको जनाएको छ । नेपालमा पछिल्लो समय स्वतन्त्र परियोजनाहरूमा संलग्न भएर स्वरोजगार र आर्थोपार्जन गर्ने प्रणाली विकास भइरहेको छ । नेपालको पठाओजस्ता राइड सेयरिङ प्लेटफर्महरू र फुडमाण्डुजस्ता फुड डेलिभरी तथा अन्य भौतिक वा स्थानीय गिग इकोनोमी रोजगारीका लोकप्रिय उदाहरण छन्, जसले थप माध्यमहरूका लागि जोड दिइरहेका छन् । 'नेपाली कामदारहरूले डिजिटल गिग अर्थतन्त्रमा पनि भाग (बाँकी पृष्ठ ३ मा)

# सुन प्रकरणले संकटमा सरकार


फाइल तस्बिर

प्रतिशोधको भावना लिँदा हामी कता जान्छौं । राजनीति कतातिर जाँदै छ । यो अत्यन्त गम्भीर विषय भएर गएको छ ।

**■ डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**

प्रधानमन्त्रीजीले अहिले पाकिस्तानी राजनीति, प्रतिशोधको राजनीति सुरु गर्नुभएको छ । उहाँलाई आज मज्जा लागेको छ । तर यो राजनीति यहीँ अन्त्य हुँदैन

**■ केपी शर्मा ओली**
**अध्यक्ष, नेकपा एमाले**

यदि हाम्रो पार्टी पनि सत्तामा छ भने भोलि नै हाम्रो संगठनलाई पनि त्यहाँ संगठित गर्नुपर्‍यो । होइन भने यो सत्तामा बसिरहनु के जरूरी छ हाम्रो पार्टीका लागि ?

**■ झलनाथ खनाल**
**सम्मानित नेता, एकीकृत समाजवादी**

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** सय किलो सुन तस्करी प्रकरणका कारण अहिले सदन अवरुद्ध छ । सरकारसँग कुनै बिजनेस नभएका कारण प्रधानमन्त्री पुष्पकमल दाहाल गृहजिल्ला चितवन पुगेका छन् । अहिले सरकार, प्रमुख प्रतिपक्षी दल, प्रशासन र जनताको ध्यान यही १०० किलो सुनमा छ ।

साउन ३ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट जाँच पास भइसकेको सुन राजस्व अनुसन्धान विभागको टोलीले बरामद गरेको थियो । अहिलेसम्म सुनको वास्तविक मालिक पनि पत्ता लागेको छैन । सुनको परिमाणसमेत यकीन गर्न सकिएको छैन ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले यो प्रकरणमा उच्चस्तरीय छानबिन समिति गठन हुनुपर्ने अडान छाडेको छैन । यही सुन प्रकरणले सत्ता गठबन्धन धरापमा परेको चर्चासमेत चल्न थालेको छ ।

सत्ता साझेदारमध्ये एक एकीकृत समाजवादी नेपालका सम्मानित नेता झलनाथ खनालले आफ्नो खेल संगठनलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा नअटाए सरकार छाड्ने चेतावनी दिएका छन् । हुन त एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाललाई ललिता निवास जग्गा प्रकरणमा कारबाही गर्न सकिने गरी सरकारले फाइल खोलिसकेको छ । यसैकारण होला, आफ्नो युरोप भ्रमण छोटयाएर उनी आजै नेपाल फर्कँदै छन् ।

**शेखरको प्रश्नः राजनीति कतातिर जाँदै छ ?**

नेपाली कांग्रेस संस्थापनइतरका नेता डा. शेखर कोइरालाले आफ्नो पार्टीका सांसद डा. सुनिल शर्मामाथि सरकारले प्रतिशोधको भावना साँधेको आरोप लगाएका छन् । बिहीबार नेपाल प्रहरीको अनुसन्धान ब्युरो (सिआइबी)ले पक्रेपछि कुनै टिप्पणी नगरेको कोइरालाले शर्मा छुटेपछि यस्तो आरोप लगाएका हुन् । 'प्रतिशोधको भावना लिँदा हामी कता जान्छौं । राजनीति कतातिर जाँदै छ । यो अत्यन्त गम्भीर विषय भएर गएको छ,' सुशील कोइराला मेमोरियल फाउण्डेसनले शनिबार काठमाडौंमा आयोजना गरेको 'सुशासन र मुलुकको वर्तमान अवस्था' विषयक छलफलमा उनले भने । (बाँकी पृष्ठ २ मा)

### उपप्रधानमन्त्री खड्का भन्छन्-
## सरकार ढल्दैन

**काठमाडौं (प्रस)–** उपप्रधान एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले वर्तमान सरकार ढल्ने विषयमा शंका गर्नै नपर्ने बताएका छन् । शनिबार नेपाल टेलरिङ व्यवसायी महासंघको तेस्रो वार्षिक साधारणसभालाई सम्बोधन गर्दै मन्त्री खड्काले यस्तो दाबी गरेका हुन् ।

'अहिलेको अप्ठेरो परिस्थितिबाट मुलुकलाई माथि उठाउनका लागि मुलुकमा सुशासनको अनुभूति नागरिकलाई दिलाउन, भ्रष्टाचार, अनियमितता नियन्त्रण गर्न र मुलुकको आर्थिक अवस्थालाई माथि उठाउनका लागि सिंगो व्यवसायसँग जोडिएका संस्था व्यवसायीहरूलाई साथमा लिएर साझा उद्देश्यमा रूपान्तरण गरेर अघि बढ्ने निश्चित मार्गचित्रसहित वर्तमान सरकार अघि बढेको छ,' खड्काले भने, 'यो सरकारको स्थिरतामा कहीँ कतै शंका गर्नुपर्ने, के हुने हो भन्नुपर्ने अवस्था छैन । हामी निश्चित कार्य योजनासहित अघि बढेका छौं ।'

**सन्दर्भ : वैदेशिक रोजगार**

## 'सामाजिक सञ्जालमा आएका विज्ञापनको भ्रममा नपर्नू'

**■ प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले सामाजिक सञ्जालमा आएका वैदेशिक रोजगारसम्बन्धी विज्ञापनहरूको भ्रममा नपर्न आग्रह गरेको छ । विभागले सामाजिक सञ्जालमा आएका युरोपेली मुलुकमा रोजगारी पाइने भन्नेजस्ता भ्रामक विज्ञापनको विश्वास नगर्न आग्रह गरेको हो ।

विभागले शुक्रबार एक विज्ञप्ति जारी गर्दै फेसबुक, इन्स्टाग्राम, टिकटकलगायतका सामाजिक सञ्जालबाट पछिल्लो समय युरोपेली मुलुकमा रोजगारसम्बन्धी विभिन्न विज्ञापनहरू गर्दै ठगी गर्ने क्रम बढेको उल्लेख गरेको छ । विभागले युरोपेली मुलुक रोमानिया, माल्टा, पोर्चुगल, क्रोएसिया, साइप्रस, टर्की, अल्वानिया र क्यानडाजस्ता देशमा वर्किङ भिसामा पठाइदिने भन्दै पछिल्लो समय सामाजिक सञ्जालमार्फत विज्ञापन गर्ने गिरोह सक्रिय रहेकोप्रति सचेत गराएको छ । उल्लिखित देशहरूमा रोजगारीको अवसर भन्दै सरकारसँग अनुमतिविनै विज्ञापन भइरहेकोप्रति विभागको ध्यानाकर्षण भएको जनाएको छ ।

वैदेशिक रोजगार व्यवसाय सञ्चालनका लागि इजाजतपत्र प्राप्त संस्था (म्यानपावर कम्पनी)हरूले प्रचलित कानुनबमोजिम नेपाली नागरिकहरूलाई वैदेशिक रोजगारीमा पठाउनसक्ने व्यवस्था रहेको उल्लेख गर्दै विभागले आधिकारिक निकायको अनुमतिविना सामाजिक सञ्जालमा वैदेशिक रोजगारसम्बन्धी विषयमा प्रचारप्रसार गरी सर्वसाधारणमा भ्रम सिर्जना नगर्न पनि सम्बन्धित सबैलाई सचेत गराएको छ ।

पछिल्लो समय युरोपेली मुलुकमा आकर्षक तलव एवं सेवा-सुविधा प्राप्त हुने प्रलोभन देखाई समाजिक सञ्जालबाट गरिने विज्ञापनमार्फत ठगी गर्ने क्रम बढिरहेको जनाउँदै प्रचलित कानुनविपरीत हुने गतिविधिलाई नियन्त्रण गर्न विभाग सदैव तत्पर रहेको जनाइएको छ । साथै, विभागले त्यस्ता क्रियाकलापमा संलग्नमाथि कारबाहीको चेतावनी दिएको छ । भ्रमपूर्ण विज्ञापनमा भर नपरी वैदेशिक रोजगारीको प्रक्रिया सुरु गर्नुपूर्व आवश्यक सबै प्रक्रिया तथा विषयमा पूर्णरूपमा सम्बन्धित निकायबाट जानकारी लिन पनि विभागले आग्रह गरेको छ ।

विभागले वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण तथा सचेतनाका लागि बेलाबेलामा विज्ञप्ति तथा सूचना जारी गर्दै आए पनि ठगीका घटनामा कमी आएको छैन । केही दिनअघिमात्रै वैदेशिक रोजगारीका लागि युरोपका विभिन्न मुलुक पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले तीन जनालाई पक्राउ गरेर कारबाहीका लागि विभागमा नै बुझाएको छ । पक्राउ पर्नेहरूमा एकमाया पुलामी मगर, सन्दीपकुमार चौधरी, शालिकराम अर्याल रहेका छन् ।

गोरखाको गण्डकी गाउँपालिका-६ घर भई काठमाडौं महानगरपालिका-१५ बस्ने मगरले पोर्चुगल पठाइदिने भन्दै २ लाख ५६ हजार रूपैयाँ, सुनसरीको रामधुनी नगरपालिका-३ घर भई काठमाडौं महानगरपालिका-३२ बस्ने चौधरीले फ्रान्स पठाइदिने भन्दै दुई लाख ५५ हजार रूपैयाँ, धादिङको थाक्रे गाउँपालिका-४ घर भई काठमाडौं कलंकी बस्ने अर्यालले क्रोएसिया पठाइदिने भन्दै ५० हजार रूपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ । यसरी पक्राउ परेकाहरूबाट पीडितलाई मेलमिलापमार्फत क्षतिपूर्ति दिलाउने र जटिल समस्या भएकाहरूको सम्बन्धमा अदालती प्रक्रियामा जाने गरेको विभागले जनाएको छ ।

## मलेसियामा श्रमिकका समस्या हल गर्न राजदूतलाई ज्ञापनपत्र

**■ प्रभाव संवाददाता**



**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियामा रहेका र जाने कामदारहरूमा देखिएका अप्ठ्याराहरू फुकाउन र सहजीकरण गरिदन मलेसियास्थित नेपाली राजदूत डिल्लीराज पौडेललाई ज्ञापनपत्र बुझाएको छ । संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा संघका पदाधिकारीहरू एवं व्यवसायीहरूको प्रतिनिधिमण्डलले मलेसियामा वैदेशिक रोजगार व्यवसाय गर्ने सिलसिलमा देखिएका समस्या समाधनका लागि राजदूत पौडेलको ध्यानाकर्षण गराउँदै चार बुँदे ज्ञापनपत्र बुझाएको हो ।

संघले मलेसियाको सवाह सरावक प्रान्तका रोजगारदाता कम्पनीबाट प्राप्त मागपत्र प्रमाणीकरणका सम्बन्धमा सहजीकरण गरिदिन माग गरेको छ । त्यस्तै मलेसियामा रहेका श्रमिकहरूलाई पेनाङ र जोहारवारबाट पनि राहदानी उपलब्ध गराउने (बाँकी पृष्ठ २ मा)



# अनौपचारिक श्रमिक र स्वरोजगार व्यक्ति सामाजिक सुरक्षामा समेटिँदै




**काठमाडौं–** सरकारले अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा समेट्दै छ । सामाजिक सुरक्षा कोषले यही साउन ३१ गते एक कार्यक्रममार्फत अनौपचारिक श्रमिक र स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सूचीकरण गराउँदै छ ।

अनौपचारिक श्रमिक तथा स्वरोजगार व्यक्तिले सरकारले तोकेको आधारभूत पारिश्रमिकको २०.३७ प्रतिशत रकम योगदान गर्नुपर्ने कोषका प्रवक्ता विवेक पन्थीले जानकारी दिए । उनका अनुसार योगदान रकमको ११ प्रतिशत सम्बन्धित व्यक्ति र बाँकी सरकारका तर्फबाट ९.३७ प्रतिशत जम्मा हुनेछ । सरकारका तर्फबाट जम्मा गरिने रकम संघ, प्रदेश वा स्थानीय तहले जम्मा गरिदिने वा त्यस्तो रकम योगदानकर्ता आफैंले जम्मा गर्न सक्नेछन् ।

सरकारले श्रमिकको न्यूनतम पारिश्रमिक १५ हजार रूपैयाँ तोकेको छ । जसमा आधारभूत पारिश्रमिक नौ हजार ३८५ र महँगीभत्ता पाँच हजार ६१५ रूपैयाँ तोकिएको छ । त्यस्ता श्रमिकले आधारभूत पारिश्रमिको २०.३७ प्रतिशत आफैं जम्मा गर्न सक्ने व्यवस्था अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा योजना सञ्चालन कार्यविधि, २०७९ मा व्यवस्था गरिएको पन्थीले बताए ।

अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिका लागि औषधोपचार, स्वास्थ्य तथा मातृत्व, दुर्घटना तथा अशक्तता, आश्रित परिवार सुरक्षा र वृद्धावस्था सुरक्षा योजना सञ्चालन गर्ने कोषले जनाएको छ ।

पन्थीका अनुसार उक्त योजनामा सहभागी श्रमिकले तोकिएको अस्पतालमा वार्षिक एक लाखको औषधोपचार सुविधा प्राप्त गर्नेछन् । बिरामी हुँदा वा सुत्केरी भएको अवस्थामा आधारभूत परिश्रमिकको ६० प्रतिशत रकम, जुनसुकै कारणबाट दुर्घटना हुँदा सात लाख रूपैयाँ उपचार खर्च र अशक्तता भएको अवस्थामा आधारभूत पारिश्रमिकको ६० प्रतिशत रकम पाउनेछन् ।

कोषले प्रदान गर्ने औषधोपचार, दुर्घटना तथा आश्रित परिवार सुविधा प्राप्त गर्न योगदानकर्ताले कम्तीमा नौ महिना तथा वृद्धावस्थाबापतको सुविधा प्राप्त गर्न ६० वर्ष उमेर पुग्नुका साथै कम्तीमा १८० महिना योगदान गरेको हुनुपर्नेछ ।

### कसरी सहभागी हुने ?

अनौपचारिक श्रमिक तथा स्वरोजगारमा रहेका व्यक्तिले कोषमा आवेदन दिएर उक्त योजनामा सहभागी हुन सक्ने जनाइएको छ । आवेदनका लागि स्वरोजगारमा रहेका व्यक्तिले नागरिकताको प्रतिलिपि, व्यवसाय दर्ता गरेको भए प्रमाणपत्र, वडा कार्यालयको सिफारिस, आफूले मासिक रूपमा गर्ने योगदान रकम, प्यान वा कर दर्ता प्रमाणपत्र र सम्पर्क नम्बर पेस गर्नुपर्नेछ ।

अनौपचारिक क्षेत्रका श्रमिकले नागरिकताको प्रतिलिपि, आफूले श्रम गरिरहेको क्षेत्र (कृषि, यातायात, निर्माण वा घरेलु कामदार), वडा कार्यालयले निज उक्त क्षेत्रमा कार्यरत श्रमिक हो भनी गरेको सिफारिसपत्र पेस गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

### फेदीखोला गाउँपालिकासँग सम्झौता

कोषले सो योजनालाई 'पाइलटिङ'का रूपमा अगाडि बढाउने तयारी गरेको छ । उक्त योजनामा श्रमिकको सहभागिता वृद्धि गर्न स्थानीय तहसँग छलफल भइरहेको प्रवक्ता पन्थीले जानकारी दिए ।

कोषले अनौपचारिक श्रमिक तथा स्वरोजगार व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउन स्याङ्जाको फेदीखोला गाउँपालिकासँग सम्झौता गरेको छ । सम्झौताअनुसार पालिकाले अनौपचारिक क्षेत्रमा रहेका श्रमिकको तर्फबाट आधारभूत परिश्रमिकको ९.३७ प्रतिशत र सम्बन्धित व्यक्तिको ११ प्रतिशत गरी एक हजार ९१२ रूपैयाँ मासिक कोषमा योगदान गर्नेछ । गोरखा, बागलुङ, बर्दियालगायत जिल्लाका स्थानीय तहसँग सम्झौता गर्ने तयारी भइरहेको उनको भनाइ छ । *रासस*

## सुन प्रकरणले...

पृष्ठ १ बाट जारी

शर्मा शेखरनिकट सांसद हुन् । कांग्रेस सत्ता गठबन्धनको प्रमुख हिस्सेदार भएकोले पनि यो अत्यन्तै गम्भीर विषय भएको कोइरालाको धारणा रह्यो । 'खासगरी नेपाली कांग्रेसका सांसदहरू र कांग्रेसबाट मन्त्री भएकाहरूका लागि अत्यन्त गम्भीर विषय भएको छ । यसलाई हामीले केही हैन भनेर हिंड्न थाले भने हामी कही पनि पुग्दैन । राजनीतिमा प्रतिशोधको भावना लिए राजनीति रहँदैन,' कोइरालाले भने ।

उनले निर्दोष व्यक्तिलाई दोषी बनाउन खोजिएको आरोपसमेत लगाए । 'नैतिक शिक्षा अहिले आवश्यक छ, जबसम्म मानिसमा विवेक र नैतिकता हुँदैन, तबसम्म समाजमा परिवर्तन हुन सक्दैन,' उनले भने, 'पछिल्लो समय कानुनलाई तोडमोड गरेर निर्दोष व्यक्तिलाई दोषी बनाउन खोजिँदै छ ।'

### झलनाथको असन्तुष्टि के मा ?

एकीकृत समाजवादीका सम्मानित नेता पूर्वप्रधानमन्त्री खनालले सरकारले पार्टीनिकट नेपाल खेलकुद महासंघ समाजवादीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा समावेश नगरेकोमा असन्तुष्टि व्यक्त गरेका हुन् । 'हामी सरकारसँग पनि संघर्ष गर्छौं । अहिले खेलकुद परिषद्मा हाम्रो संगठनलाई समावेश गरिएको छैन । किन नगरिएको हो ? म सरकारसँग प्रश्न गर्न चाहन्छु । यदि हाम्रो पार्टी पनि सत्तामा छ भने भोलि नै हाम्रो संगठनलाई पनि त्यहाँ संगठित गर्नुपर्‍यो । होइन भने यो सत्तामा बसिरहनु के जरुरी छ हाम्रो पार्टीका लागि ?,' शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रममा खनालले प्रश्न गरे ।

### सरकार ढल्ने शर्माको चेतावनी

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष हुन् केपी शर्मा ओली । यद्यपि, पक्राउ परेका कांग्रेस सांसद सुनिल शर्माले छुट्नसाथ ओलीको जयजयकार गरेका छन् । सुन प्रकरणमा 'डाइभर्ट' गर्न आफूलाई पक्राउ गरिएकोसमेत शर्माको दाबी थियो । छुटाउन एमालेले सदनमै माग गरेका थिए । त्यसलगत्तै शुक्रबार साँझ रिहा हुँदा शर्माले ओलीको जयजयकार गरेका थिए । 'केपी ओली जिन्दावाद, मेरो पिताजीसरह भूमिका निर्वाह गरिदिनुभएको राष्ट्र नायकका रूपमा उहाँले आफूलाई उभ्याउनुभएको छ केपी ओली,' शर्माले भनेका थिए । आफूलाई हिरासतमा रहँदा सहयोग गरेको भन्दै उनले कांग्रेस नेता डा. शेखर कोइराला र महामन्त्री गगन थापाको पनि प्रशंसा गरे ।

अर्थमन्त्री डा. प्रकाशशरण महत र गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई नहटाए आमरण अनसन बस्ने चेतावनी दिएका शर्माले थुनामुक्त भएपछि त्यही भनाइ दोहोर्‍याए । उनले कांग्रेसले सत्ता साझेदारीमा तत्काल पुनर्विचार गर्नुपर्ने धारणासमेत राखे । 'गृहमन्त्रीलाई तुरुन्त हटाउनुपर्छ । यस्ता स्टन्ट गर्नेहरूसँग हाम्रो पार्टीले एलायन्स गरेर बस्नुहुँदैन । नत्र हाम्रो पार्टी सिद्धिन्छ । माओवादीसँगको सरकारमा हामीले तत्काल रिथिंक गर्नुपर्छ,' शर्माले चेतावनी दिए ।

गृहमन्त्री नहटाए दाहाल नेतृत्वको सरकार ढल्नेसमेत उनको दाबी रह्यो । 'गृहमन्त्री एक मिनेट पनि सरकारमा बस्न मिल्दैन । तुरुन्त प्रचण्डजीले उहाँलाई हटाउनुपर्छ । उहाँ गृहमन्त्री टिकाउन लागिरहे उहाँको सरकार ढल्छ,' शर्माले चेतावनी दिए ।

### प्रतिशोधको राजनीति धेरै टिक्दैन : ओली

एमाले अध्यक्ष ओलीले कांग्रेस सांसद पक्राउ प्रकरणलाई लिएर प्रतिशोधको राजनीति नगर्न प्रधानमन्त्री दाहाललाई चेतावनी दिएका छन् । प्रधानमन्त्री दाहालको पाकिस्तानी शैलीको प्रतिशोधको राजनीति धेरै नटिक्ने तर्कसमेत गरे ।

'मैले अस्ति प्रधानमन्त्रीजीलाई भने- अहिले यो पाकिस्तानी राजनीति, प्रतिशोधको राजनीति उहाँले सुरु गर्नुभएको छ । उहाँलाई आज मज्जा लागेको छ । तर यो राजनीति यहीँ अन्त्य हुँदैन । यो त यहाँ सुरु भयो । उहाँहरूले बुझ्नुपर्दछ, यो त सुरु भयो । यसको अन्त्य यहाँ हुँदैन,' ओलीले भने, 'एउटा जननिर्वाचित सांसदलाई । जसको नामको अगाडि माननीय राखिएको छ । त्यसलाई समाउँछ भने अरू यसै थर्किनुपरेन । तर म भन्न चाहन्छ, सरकारलाई सम्झाउन चाहन्छु- तपाईंहरूको बुद्धि ठेगानमा रहोस् । नेपाली जनता यस्ता कुराबाट तर्सिनेवालाचाहिँ छैन ।'

ओलीले कांग्रेस बलियो भएर पनि माओवादीको पछिपछि लखरलखर हिँडेको आरोपसमेत लगाए । 'देशको सबभन्दा ठूलो पार्टी नेपाली कांग्रेस अहिले धेरै सिटसँग ऊसँग पार्लियामेन्टमा । अब यसको त मैले टिप्पणी गरिरहनु भएन । उहाँहरूले कसको पछाडि आफूलाई लगाउनुभएको हो, के को पछि लाग्नुभएको हो ?,' ओलीले प्रश्न गरे, '२०१५ सालको संसद्मा एकपल्ट केदारमान व्यथितजीले होला । पुच्छरले कुकुर हल्लाउने कि कुकुरले पुच्छर हल्लाउने भनेर प्रश्न गर्नुभएको थियो । नेपाली कांग्रेसका साथीहरूलाई आज मितिमा म फेरि प्रश्न गर्न चाहन्छु- कुकुरले पुच्छर हल्लाउने हो कि पुच्छरले कुकुर हल्लाउने हो ? अचम्म लाग्छ ।'

# भदौ १ देखि नियमित अनुगमन गर्दै कामपा

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं महानगरपालिकाले बजारलाई थप व्यवस्थित गर्नका लागि आगामी भदौ १ देखि नियमित अनुगमन गर्ने जनाएको छ । यही साउन महिनाभित्र अनुगमनका लागि सूचक तयार पार्ने, सूचना र विवरण तयार पार्ने, कामको खाका तयार पार्नेजस्ता काम सम्पन्न गरी भदौ १ देखि नियमित अनुगमन गर्ने तयारी कामपाले गरेको छ ।

कामपाकी उपप्रमुख सुनिता डंगोलले भदौदेखि नियमित र आकस्मिक अनुगमनलाई नियमित सञ्चालन गर्ने गरी काम भइरहेको बताइन् । अनुगमन समितिको संयोजनसमेत रहेकी उपप्रमुख डंगोलले भनिन्, 'अहिले पनि आकस्मिकरूपमा अनुगमनको काम भने भइरहेको छ तर यसलाई थप व्यवस्थित र नियमित गर्न लागिएको हो ।'

अहिले 'अनुगमन कार्यविधि' तर्जुमाका लागि कार्यदल गठन भई कार्यप्रारम्भ भइसकेको छ । 'अनुगमन टोली परिचालन कार्यविधि' तर्जुमाको पनि थालिएको छ । 'नतिजामुखी अनुगमनका लागि वार्षिक योजना, खरिद योजना, अनुगमन तथा मूल्यांकन योजना र नीति कार्यान्वयन योजना मुख्य औजार रहेको बताइएको छ ।

विगतका वर्षहरूमा भने कामपाले आफ्नो अधिकार क्षेत्रमा पर्ने स्थानमा चाडवाड आउनै लाग्दा मात्रै अनुगमनको काम गर्ने गरेको थियो । मौसमीरूपमा गरिएको अनुगमनको काम प्रभावकारी नभएको र त्यसले उपभोक्तालाई राहत नमिलेको भन्दै कामपाले चाडवाड सुरु हुनु केही महिना अघिदेखि नै त्यस्ता काम गर्न लागिएको जनाएको छ ।

चालु आर्थिक वर्षमा कामपाले आफ्नो क्षेत्राधिकारभित्र पर्ने स्थानमा व्यक्तिगत तथा संस्थागत भान्सालाई स्वस्थकर बनाई आरोग्यता कायम गर्न 'स्वच्छ भान्सा' कार्यक्रमका लागि तीन करोड ५० लाख रूपैयाँ विनियोजन गरेको छ । कामपाको समग्र स्वास्थ्य कार्यक्रमतर्फ भने कूल ९२ करोड ६६ लाख ४४ हजार रूपैयाँ विनियोजन गरेको छ ।

स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा उपभोक्ता अधिकार तथा बजार व्यवस्था अनुगमन समितिको व्यवस्था गरिएको छ । कार्यपालिकाअन्तर्गतका विषयगत समितिले गरेका काम, स्वीकृत वार्षिक कार्यक्रमको अनुगमन उपप्रमुखको संयोजकत्वमा रहेको समितिले गर्छ ।

उपप्रमुखको संयोजकत्वमा रहेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले पेस गरेर नगरसभाबाट पारित भएका कार्यक्रमको अनुगमन उपप्रमुखकै संयोजकत्वमा रहेको अनुगमन तथा सुपरीवेक्षण समितिले गर्ने व्यवस्था रहेको छ । सुपरीवेक्षण समितिका कामको समन्वय एकाइले गर्छ । यस समिति मातहतमा जनजीविका र सार्वजनिक सरोकारका क्षेत्रको अनुगमन गर्न पाँचवटा अनुगमन टोली गठन गरिएका छन् ।

## मलेसियामा...


पृष्ठ १ बाट जारी

व्यवस्था मिलाइदिन पनि संघले राजदूत पौडेललाई आग्रह गरेको छ । रोजगारी तथा कामको सिलसिलामा मलेसिया आएका श्रमिक र अन्य नेपालीहरूलाई सहज रूपमा ट्राभल डकुमेण्ट उपलब्ध गराउन, वैदेशिक रोजगारीका लागि मलेसिया आएका कामदारहरू विभिन्न कारणले जेलमा थुनामा रहेकाले उनीहरूलाई उद्धार गरी यथाशीघ्र नेपाल ल्याउने व्यवस्था मिलाउनुपर्ने माग गरिएको छ ।

नेपाली वैदेशिक रोजगार व्यवसायी र मलेसियन वैदेशिक रोजगार व्यबसायीबीचको द्विपक्षीय सम्बन्ध सुदृढ गर्न, नेपालबाट मलेसिया कामदार ल्याउने सिलसिलामा देखिएका अप्ठ्याराहरू फुकाउने तथा रोजगारदाता उद्योग व्यवसायी संघसंस्थाहरूसँग भेट गरी प्रत्यक्ष सम्बन्ध स्थापित गर्ने उद्देश्यले व्यवसायीहरूको प्रतिनिधिमण्डल मलेसिया भ्रमणमा रहेको छ ।

यसअघि मलेसियास्थित सी लाइसेन्स होल्डर एसोसिएसन र संघबीच केलाङ सहरमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको संघका महासचिव मेघनाथ भुर्तेलले बताए । उक्त कार्यक्रममा मलेसियामा कामदार पठाउँदा रोजगारदाता कम्पनीसँग नेपालका व्यावसायिक संस्थाको सीधा सम्पर्क स्थापित गर्ने, रोजगारदातालाई सीधा श्रमिक उपलब्ध गराई विचौलियाको अन्त्य गर्ने, इथिकल क्रिटमेन्ट गर्ने, कुनै पनि एकाधिकार लागू नगर्ने र गर्न खोज्नेका विरुद्धमा दुवै संस्था लड्नुका साथै निकट भविष्यमा रोजगार मेला सञ्चालन गर्ने विषयमा छलफल भएको भुर्तेलले जानकारी दिए ।

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

साउन २८ गते २०८०, आइतबार

| | |
|---|---|
| मेष | विद्यार्थीका लागि राम्रो योग छ । |
| वृष | रोकिएको काम बन्नेछ । |
| मिथुन | टाढाको यात्रा फलदायी हुनेछ । |
| कर्कट | सामाजिक कार्यमा समय बित्नेछ । |
| सिंह | शैक्षिक प्रगति तर आर्थिक क्षति हुनसक्छ । |
| कन्या | स्वास्थ्यमा समस्या आउनसक्छ । |
| तुला | नयाँ कामको थालनी हुनेछ । |
| वृश्चिक | सवारीसाधन चलाउँदा ध्यान दिनुहोला । |
| धनु | मित्रजन र आफन्तसँग भेटघाट हुनेछ । |
| मकर | आर्थिक क्षेत्रमा प्रगति हुनेछ । |
| कुम्भ | सामाजिक प्रतिष्ठामा दाग आउनसक्छ । |
| मीन | नजिकको मान्छेबाट धोका हुनसक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

साउन २८ गते, २०८०, १३ अगस्ट, २०२३

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३१.०० | १३१.६० |
| युरो | १ को | १४३.५० | १४४.१६ |
| पाउन्ड स्टिर्लङ | १ को | १६६.२५ | १६७.०१ |
| स्विस फ्रैन्क | १ को | १४६.२१ | १४६.८८ |
| अस्ट्रेलियन डलर | १ को | ८६.९२ | ८७.३२ |
| क्यानाडियन डलर | १ को | ९९.०३ | ९९.४९ |
| सिंगापुर डलर | १ को | ९६.९१ | ९७.३६ |
| जापानी येन | १० को | ९.०९ | ९.१३ |
| चिनियाँ युआन | १ को | १८.०८ | १८.१७ |
| साउदी अरब रियाल | १ को | ३४.९३ | ३५.०९ |
| कतारी रियाल | १ को | ३५.९५ | ३६.१२ |
| थाई भाट | १ को | ३.६८ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३५.६६ | ३५.८३ |
| मलेसियन रिङ्गेट | १ को | २८.०४ | २८.१७ |
| दक्षिण कोरियन वन | १०० को | १०.०१ | १०.०५ |
| स्विडिस क्रोनर | १ को | १२.२० | १२.२५ |
| डेनिस क्रोनर | १ को | १९.२७ | १९.३६ |
| हङकङ डलर | १ को | १६.७२ | १६.८० |
| कुवेती दिनार | १ को | ४२६.३३ | ४२८.२८ |
| बहराइन दिनार | १ को | ३४७.४९ | ३४९.०८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।




**लेकसाइड घुम्दै पर्यटक** | कास्कीको पर्यटकीय नगर पोखरास्थित लेकसाइड घुम्दै विदेशी पर्यटक । *तस्बिरः राधिका कँडेल/रासस*

कारागार कैदी मृत्यु प्रकरण

# आफन्तले शव बुझ्न मानेनन्

**संखुवासभा (किमाथांका)**– जिल्ला कारागार संखुवासभामा बुधबार राति कुटपिटबाट मृत्यु भएका दुई कैदीको शव आफन्तले बुझ्न मानेका छैनन् ।

प्रहरीको कुटपिटपछि बुधबार बिहान संखुवासभाको मादी नगरपालिका-५ का २० वर्षीय विनोद तोलांगी र नुवाकोट ककनी गाउँपालिका-७ का २७ वर्षीय आकाश बलामीको मृत्यु भएको थियो । पीडित पक्ष र स्थानीय प्रशासनको सहमतिपछि शनिबार चार दिनपछि दुई कैदीको शवपरीक्षण भने गरिएको छ ।

पीडित पक्षसँग सहमतिपछि शनिबार दिउँसो शवपरीक्षण गरिएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी निरीक्षक सरोज खनालले जानकारी दिए । किटानी जाहेरीपछि शवपरीक्षण गरिए पनि घटनामा संलग्नको नाम सार्वजनिक नगरेको भन्दै आफन्तले शव बुझेनन् ।

पीडितले किटानी जाहेरी दिएका आधारमा कारागारमा खटिएका प्रहरी सहायक निरीक्षक लक्ष्मी चौधरी र कारागार प्रमुख राजेन्द्र घिमिरेको नाममात्र जिल्ला प्रहरी कार्यालयले शनिबार दिउँसो नाम सार्वजनिक गरेको छ ।

अनुसान्धान टोलीले सिसिटिभी फुटेज बरामद गरे पनि घटनामा संलग्नलाई सार्वजनिक गर्न ढिलाइ गर्नु शंकास्पद रहेको पीडितको गुनासो छ । सिसिटिभी फुटेजका आधारमै कैदीलाई प्रहरीले कुटपिट गरेको तथ्य बाहिरिएको थियो ।

**कारागार प्रमुख र सुरक्षाकर्मीविरुद्ध प्रहरीमा किटानी जाहेरी**

जिल्ला कारागारका निमित्त प्रमुख राजेन्द्र घिमिरे र कारागार सुरक्षाकर्मी लक्ष्मी चौधरीलगायत विरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा शनिबार उजुरी दर्ता गराएका छन् ।

कारागारका निमित्त प्रमुख घिमिरे र कारागार सुरक्षाकर्मी प्रहरी सहायक निरीक्षक चौधरीलगायत विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गराएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका प्रहरी नायब उपरीक्षक वीरेन्द्र गोदारले बताए ।

घटनालगत्तै पीडित पक्षले विरोध गरेपछि गृह मन्त्रालयले छानबिन समिति बनाएको थियो । घटनाको छानबिन गर्न गृह मन्त्रालयले साउन २४ गते कारागार व्यवस्थापन विभागका निर्देशक पाण्डेको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । सो छानबिन समितिले शुक्रबारदेखि छानबिन थालेको छ । *रासस*

# लम्पी स्किनपीडित किसानलाई राहत

**काभ्रे**– काभ्रेपलाञ्चोकको स्थानीय तहले लम्पी स्किनबाट पीडित किसानलाई राहत प्रदान गर्न थालेका छन् । नमोबुद्ध नगरपालिका, रोशी गाउँपालिका र धुलिखेल नगरका केही वडाले लम्पी स्किन रोगबाट पशुचौपाया क्षति व्यहोरेका पीडित किसानलाई आर्थिक सहयोग सुरु गरेका हुन् ।

रोशी गाउँपालिकाको कार्यपालिका बैठकले भैंसी मरेको किसानलाई सात हजार रूपैयाँ र गाई मरेको किसानलाई पाँच हजार रूपैयाँ राहत दिने निर्णय गरेको हो । गाउँपालिकाका अध्यक्ष दिनेश लामाका अनुसार विपद् व्यवस्थापन कोषबाट राहत उपलब्ध गराइनेछ । चौरीदेउराली गाउँपालिकाले पीडित कृषकलाई प्रतिपशु मरेबापत १० हजार रूपैयाँ तत्कालका लागि राहत दिने निर्णय गरेको छ ।

यस्तै नमोबुद्ध नगरमा पीडित किसानलाई विपद् व्यवस्थापन राहत वितरणसम्बन्धी मापदण्ड-२०७७ को व्यवस्थाअनुसार राहत व्यवस्था मिलाइएको नगरप्रमुख कुनसाङ लामाले बताए । 'लम्पीको संक्रमणबाट पशुचौपाया क्षति व्यहोर्ने किसानलाई नियमित राहत व्यवस्था गर्ने प्रबन्ध मिलाएका छौं,' उनले भने । नगरको मापदण्डमा घरपालुवा पशु पूर्णक्षति भएमा भैंसीको हकमा सात हजार, गाई/गोरु क्षति भएमा पाँच हजार र भेडा/बाख्राको हकमा प्रतिगोटा एक हजार रूपैयाँ राहत उपलब्ध गराइने उल्लेख छ ।

नगरको पशु सेवा शाखाका अनुसार नमोबुद्धमा ५५ गाई लम्पी स्किनका कारण क्षति भएका छन् । मरेका पशु गाड्न नगरले स्काभेटरसमेत उपलब्ध गराउँदै आएको छ । यस्तै दैनिक पशुहरू मर्न थालेपछि धुलिखेल-२ मा कृषकलाई गाई र बाछाबाछीका लागि अलग अलग राहत दिने निर्णय गरी प्रदान गर्न थालिएको छ । काभ्रेपलाञ्चोकमा २०८० साल वैशाखमा पहिलोपटक यही वडाबाट लम्पी स्किन रोग देखापरेको थियो । हालसम्म उक्त वडामा ६५ गाई मरिसकेको वडाध्यक्ष अर्जुन न्यौपानेले बताए ।

न्यौपानेका अनुसार गाई तथा भैंसी मरेकोलाई प्रतिगोटा १० हजार रूपैयाँ र चार महिना कटेको कोरली बाच्छी, पाडा तथा पाडी मरेको अवस्थामा पाँच हजार रूपैयाँ उपलब्ध गराउने निर्णय गरिएको हो । बिरामी गाईको हकमा ५० प्रतिशत औषधिमा अनुदान उपलब्ध गराउँदै आइएको जनाइयो ।

यसैबीच लम्पी स्किनविरुद्ध काभ्रेपलाञ्चोकमा हाल सप्ताहव्यापी खोप अभियान सञ्चालन भइरहेको छ । जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले छ स्थानीय तहमा बिहीबारदेखि पशुचौपायालाई सप्ताहव्यापी खोप कार्यक्रम सुरु गरेको हो । एक हप्तामा छ तहमा पाँच हजार ५०० डोज भ्याक्सिन लगाइने केन्द्रले जनाएको छ ।

धुलिखेल नगरपालिका, नमोबुद्ध नगर, तेमाल, खानिखोला, महाभारत, बेथानचोक गाउँपालिकामा पहिलो चरणमा पाँच हजार ५०० पशुचौपायालाई खोप कार्यक्रम आयोजना गरिएको केन्द्रका प्रमुख डा. नितेश कार्कीले बताए । उनका अनुसार यसअघि जिल्लामा ३६ हजार १०३ पशुलाई संक्रमण हुन नदिन खोप लगाइसकिएको छ ।

उक्त संक्रमणका कारण जिल्लामा हालसम्म एक हजार २७४ वटा पशु मरिसकेका छन् भने २८ हजार ६५६ वटा पशु संक्रमित भएका छन् । सो रोगका कारण गाई, गोरु, बाछाबाछी र केही भैंसीसमेत मरेका हुन् । जिल्लामा एक लाख ५१ हजार ८७३ गाई र एक लाख ४८ हजार ६४० भैंसी छन् । स्वस्थ सबै पशुमा क्रमशः खोप लगाइने कार्कीले बताए ।

सो रोग लागेपछि गाईभैंसीले कचेरा निकाल्ने, सिँगान बग्ने तथा फिँज धेरै निकाल्ने, शरीरका विभिन्न भागमा विशेषगरी घाँटी, पछाडिका खुट्टामा, पेट तथा थुन वरिपरि साना, ठूला गिर्खा तथा फोकाहरू देखिन्छ । रोगका कारण पशुबाट २५ देखि ८० प्रतिशतसम्म दूध उत्पादन घट्छ भने पशुको गर्भ तुहिने, मृत्युदर कम भए पनि धेरै पशुहरू बिरामी हुने गर्छन् । *रासस*

## अझै खुलेन कालीगण्डकी करिडोर


**ढोरपाटन (बागलुङ)**– भारी वर्षासँगै झरेको पहिरोका कारण राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर पुनःअवरुद्ध भएको छ । आयोजानको बागलुङ-कुश्मीसेरा खण्डअन्तर्गत बागलुङ नगरपालिका-१० दब्ल्याङमा सडकमाथिबाट झरेको पहिरोले करिडोर अवरुद्ध बनाएको हो ।

शुक्रबार दिउँसो करिब २० घण्टापछि सञ्चालनमा आएको उक्त सडक शुक्रबार राति १२ बजेदेखि पुनःअवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक मदन केसीले जानकारी दिए । उनका अनुसार अहिले पनि भारी वर्षा भइरहेकाले सडक खुलाउन समस्या भइरहेको छ ।

वर्षा रोकिएपछि सडक सञ्चालनका लागि पहल गरिने प्रहरी नायब उपरीक्षक केसीले बताए । उनका अनुसार सडक अवरुद्ध हुँदा कालीगण्डकी करिडोरमा चल्ने जिल्लाको दक्षिणको जैमिनी, बलेवा र बरेङ क्षेत्रका सवारीसाधन ठप्प भएका छन् । *रासस*

# द्वन्द्वपीडितलाई दबाएर शान्तिप्रक्रिया टुंगिँदैन : ओली

■ **प्रभाव संवाददाता**



**काठमाडौं**- नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले द्वन्द्वपीडितलाई चित्त बुझाएरमात्र शान्ति प्रक्रिया पूरा गर्नुपर्ने बताएका छन् । गुरु लुइँटेल अध्ययन तथा विकास केन्द्रले शनिबार यहाँ आयोजना गरेको 'द्वन्द्वपीडितलाई संक्रमणकालीन न्याय कहिले र समृद्ध नेपाल सुखी नेपाली : देश विकासको मार्गचित्र' विषयक अन्तरक्रियामा उनले द्वन्द्वपीडितलाई चित्त बुझेको कुरामा कानुन बनाएर शान्ति प्रक्रियालाई टुंग्याउनुपर्नेमा जोड दिए ।

उनले द्वन्द्वपीडितलाई दबाएर शान्तिप्रक्रिया निष्कर्ष नपुग्ने बताए । उनले द्वन्द्वपीडितमाथि अन्याय गरेर समस्याको समाधान नहुने भन्दै दमन, अन्याय र थिचोमिचो गरेर शान्तिप्रक्रिया सम्पन्न हुन नसक्ने भनाइ राखे । 'मैले न्याय पाएँ भनेर द्वन्द्वपीडितले भन्नुपर्‍यो,' उनले भने, 'द्वन्द्वपीडितमाथि अन्याय गरेर समस्याको समाधान हुँदैन ।'

अध्यक्ष ओलीले अब फेरि द्वन्द्व नहोस् भन्नका लागि द्वन्द्वपीडितको समस्यालाई सम्बोधन गरेर कसरी अगाडि बढ्न सकिन्छ भन्नेमा सबैको ध्यान जान जरुरी रहेको भनाइ राखे ।

उनले करकाप र दबाबबाट मेलमिलाप हुन नसक्ने बताए । 'स्वेच्छाले मेलमिलाप गर्न पाउनुपर्दछ । स्वेच्छाले मेलमिलाप गर्ने वातावरण बनाउनुपर्दछ,' उनले भने, 'पीडितलाई राहत र न्याय दिनुपर्दछ । अहिलेसम्म कोही मारिँदा तत्काल क्षतिपूर्ति भएको छ । कोही मारिँदा भएको छैन ।'

शान्ति प्रक्रिया पीडितलाई चित्त बुझ्ने, पीडितले न्याय पाउने खालको, सर्वोच्च अदालतको फैसला अनुकूल र अन्तर्राष्ट्रिय समुदायलाई चित्त बुझ्नेगरी हुनुपर्नेमा जोड दिँदै उनले भने, 'कि हामी आफैं समाधान गरौं, हाम्रो समस्या । पहिले हाम्रो कानुन, हाम्रो अदालत, हाम्रो संविधान र हाम्रो सरकार, हाम्रो समुदाय सक्षम छ भन्ने कुरा प्रमाणित गर्नका लागि सरकारले त्यसअनुसार चल्नुपर्दछ । त्यसका निम्ति सिफारिस समिति निष्पक्ष बनाउनुपर्‍यो ।'

उनले सत्य निरूपण तथा मेलमिलाप आयोग निष्पक्ष न्याय दिन नसकेको भन्दै आयोग निष्पक्ष न्यायाधीश, मानवअधिकारीकर्मी राखेर बनाउनुपर्नेमा जोड दिए । अध्यक्ष ओलीले शान्ति भएमात्र विकास हुने भन्दै विनाशान्ति विकास सम्भव नहुने बताए । उनले विकासका लागि शान्ति पूर्वसर्त रहेको भन्दै शान्तिको तर्फ र द्वन्द्वका घाउ कसरी मेटाउन सकिन्छ भन्नेतर्फ सबैको प्रयास हुनुपर्नेमा बताए ।

# प्रतिष्ठानले सुरू गर्‍यो मातृभाषा साहित्य शृंखला

**काठमाडौं (प्रस)**– नेपाल प्रज्ञा प्रतिष्ठानको साहित्य (मातृभाषा) विभागले मातृभाषा साहित्य शृंखला सुरु गरेको छ । प्रत्येक महिनाको अन्तिम शुक्रबारका दिन साहित्य शृंखला आयोजना गरिने भएको हो । यस शृंखलामा मातृभाषा साहित्यबारे सिर्जना, संवाद र विमर्श हुने विभागले जानकारी दिएको छ ।




शृंखलाअन्तर्गत शुक्रबार आयोजित पहिलो कार्यक्रममा विभागका सदस्य डा. सोमबहादुर धिमालले 'धिमाल भाषाको साहित्य' विषयक कार्यपत्र प्रस्तुत गरे । उक्त कार्यपत्रमा धिमाल जातिका मौलिक विशेषता र परम्पराहरू, आरोह अवरोहको अवस्था, पुस्तान्तरण, चलचित्र, गीति साहित्य, पत्रकारिता, लोककथा, लोकउखान, किंवदन्ती, कविता, गीत, नियात्रा आदि विधागत कृतिबारे चर्चा गरिएको उनले बताए ।

प्रतिष्ठानका कुलपति भूपाल राईले सबै जातजाति र समुदायका भाषाको संरक्षण गर्नुपर्नेमा जोड दिए । 'भाषामा विभेद झल्किने कुनै पनि मार्जिनको जरुरत छैन । कर्मकाण्डीय रूपमा वर्षमा एकचोटि मातृभाषा दिवस मनाइन्थ्यो । त्यस परम्पराको साटो मातृभाषाको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले मातृभाषा साहित्य शृंखला सुरु गरिएको हो,' उनले भने । यसले मातृभाषाका स्रस्टाहरूलाई उत्साहित र प्रोत्साहित गर्ने उनको भनाइ छ ।

प्रतिष्ठानका उपकुलपति विमलकृष्ण श्रेष्ठले सबै जातजातिको मातृभाषा र साहित्य प्राण भएको बताए । यसको उत्थान र विकासमा लाग्न मातृभाषा साहित्य शृंखलाले उत्साह र हौसला थप्ने उनको भनाइ छ ।

प्रतिष्ठानका सदस्यसचिव डा.धनप्रसाद सुवेदीले सम्पूर्ण मातृभाषाको संरक्षण र संवर्द्धन गर्ने दायित्व वहन गर्दै मातृभाषा साहित्यको नियमित शृंखला सुरु गरिएको बताए ।

प्रतिष्ठानका परिषद् सदस्य तथा साहित्य (मातृभाषा) विभाग प्रमुख राजन मुकारुङले सबै भाषाका साहित्यिक स्रस्टाहरूले आ-आफ्नो स्वत्व आत्मसात् गर्नेगरी मातृभाषा साहित्य शृंखलाको प्रारम्भ गरिएको बताए । उनले यसअघि अन्तर्राष्ट्रिय मातृभाषा दिवसका दिन गरिने एकदिने कार्यक्रमको सट्टा यो शृंखला सुरु गरिएको बताए ।

## पोलिसी ह्याकाथन...

पृष्ठ १ बाट जारी

लिन्छन्, जसमा फिभर र अपवर्कजस्ता प्लेटफर्महरू समावेश छन्,' कांग्रेसले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'जहाँ फ्रिलान्सरहरूले ग्राफिक डिजाइन र वेब डेभलप्मेन्ट, अनलाइन परामर्श, र विश्वभरका कम्पनीहरूलाई अनुवाद गर्ने कार्यजस्ता सेवाहरू प्रदान गरिरहेका छन् ।' यस किसिमको परियोजनामा चुनौती रहेको र कामदारको अधिकारका कुराहरू समावेश नभएको विषयलाई आउने नीतिले सहयोग गर्ने विश्वास कांग्रेसले लिएको छ ।

सहभागीहरूले विभिन्न मुद्दाहरूलाई सम्बोधन गर्ने र नेपालमा गिग अर्थतन्त्रका लागि अगाडि बढ्ने तरिकासहित नीति अवधारणा पेस गर्नुपर्ने कांग्रेसले जनाएको छ ।

त्यसैगरी नेपाल जलवायु परिवर्तनको असरबाट बढी जोखिममा परेको देश भएकोले यस विषयमा सम्बोधन हुनेगरी नीति बन्नुपर्ने कांग्रेसको धारणा रहेको छ । 'जलवायु परिवर्तनका कारण उत्पन्न भएका अतिवृष्टि अनावृष्टिलगायतका अप्रत्यासित र अन्तरसम्बन्धित चुनौतीका कारण क्लाइमेट एक्सन अपरिहार्य छ । उत्सर्जनलाई न्यूनीकरण गर्न, बदलिँदो परिस्थितिमा अनुकूलन गर्न र दिगो अभ्यासमा परिवर्तन गर्न सक्रिय कदम चाल्नु नेपालको सन्दर्भमा अपरिहार्य छ । सहभागीले क्लाइमेट एक्सनमध्येका निम्न चुनौतीलाई सम्बोधन गर्न सक्ने छन्,' कांग्रेसले भनेको छ । यस विषयमा पनि जलवायु परिवर्तनबाट हुनसक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न नीति अवधारणा पेस गर्नुपर्ने कांग्रेसले जनाएको छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DIVA ROSA BEAUTY SALON COMPANY FOR LADIES

पुर्व स्वीकृति मिति २०८०/०४/२७ | LT No. 290899 | चलानी नं.६०२०५९२१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 2 | 150 | ६४,७२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ३ गते (20th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

SUPREME OVERSEAS PVT. LTD.

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np



नेपाल सरकार

दावी विरोध सम्बन्धी

**वैदेशिक रोजगार विभागको सूचना**

प्रकाशित मितिः २०८०/०४/२८

नेपाल सरकारबाट वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Hi-Nepal International Pvt. Ltd.** (ई.प.नं. ५८१) ले यस विभाग समक्ष इजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोहि कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । अन्यथा माग बमोजिम इजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा भईजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MK PRECISION CASTINGS (M) SDN BHD

पुर्व स्वीकृति मिति : २०८०/०३/३१ | पुर्व स्वीकृति मिति : २०८०/०४/२७ | LT. No. 289454 | चलानी नं. ६०२०४८४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1500 | ४३,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० भदौ ३ गते (20th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

KHOJI RECRUITMENT SERVICES PVT. LTD.

Govt. License 902/067/68

Bijaybasti, Sanepa-2, Lalitpur, Contact: 01-5555792, 01-5555896
Email: khoji.nepal2022@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### संसद्‌लाई बन्धक बनाइराख्ने कहिलेसम्म ?

**सदनमा सत्ता पक्ष र प्रतिपक्षको दोहोरी पहिले बोलेर हुन्थ्यो, अहिले बोल्न नदिएर हुन थालेको छ । शुक्रबार सभामुख देवराज घिमिरे सदन सुरु गर्नसाथ एमाले सांसदले बोल्न समय मागे । कार्यसूचीमै प्रवेश नगरी एमाले सांसदले समय मागेपछि सत्ता पक्षका सांसदहरू जन्याकजुरुक उठे र एमाले सांसद बोलिरहेको बेला विरोध गर्न थाले । त्यसपछि गाह्रो पर्‍यो सभामुख घिमिरेलाई पनि । घिमिरे पनि सदन चलाउन सिक्दै छन् भन्ने कुरा शुक्रबारको प्रदर्शनबाट देखिन्थ्यो । सांसद ज्वालाकुमारी साह बोलिरहेका बेला बीचबीचमा घिमिरे पनि सत्तापक्षका सांसदलाई संसद् चलाउन साथ दिन आग्रह गरिहे । तर माने पो ! साहले बोलिसकेपछि एमाले नाराबाजीमा उत्रियो । त्यसपछि बैठक सोमबारसम्म धकेलियो । साउन १० गतेदेखि संसद् यसरी नै बन्धक बनिरहेको छ ।**

**संविधान कार्यान्वयनका निम्ति कयौं कानुन बन्न बाँकी छ । दैनिक कार्यसूचीमा थुप्रै विषय छन् । किसानका पशुमा देखिएको लम्पी स्किन समस्यामा सरकारले केही गर्न सकेको छैन । आँखा पाक्ने रोगले प्रकोपको रूप लिँदै छ । डेंगीको महामारी त्यस्तै छ । यस्तो बेला केही नगरी स्वास्थ्यमन्त्री आफ्नो प्रगति विवरण सार्वजनिक गरिरहेका छन् । त्यो पनि प्रधानमन्त्री पुष्पकमल दाहाललाई बोलाइबोलाइ । खासमा प्रधानमन्त्रीले नै मन्त्रीहरूको रिपोर्ट कार्ड लिने र जनसवालका विषयमा स्वास्थ्यमन्त्रीलाई खट्न निर्देशन दिनुपर्ने हो । तर सदन नखुलेपछि सरकारलाई पनि हाइसञ्चो । कार्यक्रमहरूमा गयो, भाषण दियो । दिन कटायो ।**

**शुक्रबार रवि लामिछानेको दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले यसरी राजनीतिक द्वन्द्वबाट अवरोध हुँदाका दिन आफ्ना सांसदहरूले बैठक भत्ता नलिने निर्णय गर्दै सभामुखलाई पत्र बुझाएको छ । अझ रास्वपाले कुनै बेला लिएको भए कटाउनसमेत भनेको छ । यस्तो अवस्थामा संसद्‌मा द्वन्द्व मच्चाएर प्रतिपक्षी एमालेले आफ्नो कद घटाइरहेको छ । एमाले सय किलो सुन तस्करी प्रकरण छानबिनका लागि उच्चस्तरीय छानबिन समितिको मागबाट पछि हटेको छैन । नेपाली इतिहासमा उच्चस्तरीय छानबिन समितिले सुझाव दिनेबाहेक केही नगरेको भन्दै अहिले धेरैले एमालेको आलोचना जारी राखेको छ । हुँदाहुँदा रास्वपा र राप्रपासमेत यो मागमा एमालेको साथमा छैन । यस्तो अवस्थामा एमालेले एकोहोरो रटान लगाएर सदन अवरुद्ध गर्नु ठीक होइन ।**

**हो सुन प्रकरणका मुल दोषी पक्रिनुपर्छ । अहिले यो मुद्दा राजस्व अनुसन्धान विभागको हातबाट नेपाल प्रहरीको अनुसन्धान ब्युरो (सिआइबी)को हातमा पुगेको छ । यदि सिआइबीले सहीसँग अनुसन्धान अघि बढाएन र दोषी पत्ता लगाएन भने उच्चस्तरीय समिति गठनको माग गर्नुपर्छ । तर, अहिले अनुसन्धान जारी रहेको समयमा अनुसन्धान नै प्रभावित हुनेगरी सदन अवरुद्ध गर्नु ठीक होइन ।**

## मनन्योग्य

### चाणक्य नीति

मगधका लागि म आफै राजाको खोजी गर्नेछ । चाणक्यले दिएको बुद्धिले नै त्यो राजाले शासन गर्छ । चाणक्य यी सबै सोच्दै थिए । साप्ताहिक समीक्षाको कारवाही सुरु भयो। उनले देख दरबारिया मन्त्रीगण कसरी राजाको चाटुकारी गरिरहेछन् ।

यो देखी चाणक्यको रिस सीमाबाहिर भयो । क्रोधपूर्ण भई सभाका बीचमै उनी उत्रिए । यसरी रोषमा आएका, सफा धोती फेरेका, सेतो सफा कपडा काँधमा राखेका काला रंगका, अगाडिका दुई दाँत भाँचिएका अग्लो र दुब्लो शरीर, निधारमा त्रिपुण्डक धारण गरेका कपालविनाको शिर तर दुप्पी खुला पारेका, घाँटीमा रुद्राक्षमाला, काँधमा जनै ढल्दै गएको यौवन, एक साधारण ब्राह्मण तर मुखमा धविद्वत्ताको प्रचण्ड तेज भएका यस्ता अज्ञात ब्राह्मण बीच सभामा आएको देख्दा सबै झस्किए ।

चाणक्यलाई देखेर महापद्म नन्द राजा झस्किए । तर, उनले सम्हालिएर भने- “के कुरा हो ब्राह्मणदेवता । तपाई को हुनुहुन्छ कहाँबाट आउनुभयो ?” चाणक्यले क्रोधपूर्ण स्वरमा जवाफ दिए- “राजा नन्द ! म को हुँ यो त पछि समयले बताउनेछ, तर म तक्षशिलाबाट आएको हूँ, मेरो जन्म यही मगध देशमा भएको हो, आम्भीले आत्मसमर्पण गरेको देखी यहाँ आएको थिएँ ।

सिकन्दरले मगध पनि आफ्नो अधीनमा नपारोस् उसलाई ईश्वरले व्यासबाटै फिर्ता गरे, तर देख्दछु नशा र सुन्दरीमा मदान्ध मगधदेशको राजा लर्खराउने खुट्टाले त्यो आँधीको सामना गर्न के सक्दथ्यो । राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन । छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ?

सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे । क्रमशः

# तस्करी प्रकरण र छानबिनको घेरा



▶▶ विष्णुप्रसाद खनाल

> सुन तस्करी प्रकरणको छानबिनका लागि उच्चस्तरीय समिति बनाउनैपर्ने भन्ने नेकपा एमालेको अडानका कारण संसद् अवरुद्ध हुँदा सम्बोधन गर्नुपर्ने अन्य विषयहरु ओझेलमा पर्दै गएका छन् । प्रकरणको छानबिनका लागि उच्चस्तरीय सयन्त्र चाहिने भन्ने कुराले दुईवटा अर्थ राख्दछ । पहिलो विषय भनेको प्रहरी अनुसन्धनमा कुनै दलका नेतृत्वसमेत तानिनसक्ने भएकोले सोबाट जोगिनका लागि उच्चस्तरीय समिति अर्थात् भागबण्डा मिलान समिति बनाउन खोजिएको हो भने अर्को अर्थमा राज्यले वा सरकारले शक्ति र सत्ताको आडमा आफ्ना दलका नेता कार्यकर्तालाई जोगाउनसक्छ भन्ने अर्थ राख्दछ । यसरी कुनै घटनालाई राजनीतिक दलहरु मिलेर साम्य पार्न खोजेता पनि त्यो प्रवृत्तिले अन्ततः देशलाई नै विनासको बाटोमा लैजान्छ ।

पछिल्लो समय क्विन्टल सुन तस्करी प्रकरणले बजार तात्तिएको छ । ललिता निवास प्रकरणमा अदालतले मन्त्रालय तथा नीति निर्णयगत तहमा सम्बद्ध सबैपक्षमाथि छानबिन गर्न ढोका खुला गरिदिएको छ । अर्थात् तत्कालीन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का अध्यक्ष तथा सम्बन्धित मन्त्रिपरिषद्का सदस्यहरूमाथिसमेत छानबिनको बाटो खुला गरेको छ । क्विन्टल सुन तस्करीको सम्बन्धमा राष्ट्रिय स्वतन्त्र पार्टीले सुन तस्करीमा उच्चभन्दा उच्च तहको संलग्नता छ भन्ने तर्क गर्न थालेको छ । नेकपा एमालेको कारण प्रतिनिधिसभा बैठक अवरुद्ध भएपछि संसद् भवनको मूल गेटमै रास्वपाले त्यस्तो तर्क राख्दै गर्दा सबैजसो नागरिकको बुझाइ के हो भने सुन एक किलो वा १०० किलो जति नै भए पनि त्यो तस्करी त अपराध नै हो । र, ठूलो परिमाणको काम गर्दा सबैपक्षको मिलोमतो रहन्छ भन्ने कुरामा दुई मत रहन्न ।

पहिलो पक्ष, तस्करीको सन्दर्भमा राजस्व विभागले अनुसन्धान गर्दैगर्दा त्यो अनुसन्धानमा केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)लाई पनि साथमा लिएर जानु वा सहकार्य गरेर जानु अत्यन्तै राम्रो कुरा हो । तर यहाँनेर छानबिनको उच्चस्तरीय संयन्त्र बनाउने तर्क गर्नु त्यति व्यावहारिक देखिँदैन । किनभने, राजनीतिक ढाकछोपभित्र रहेर गरिने अनुसन्धानले निष्पक्ष अनुसन्धान गर्न सक्दैन । नेपालबाट हुने मानव तस्करी, नेपालको खुला सिमाना भएकै कारण भारतबाट हुने अवैध हात हतियार, लागुऔषध र अन्य सामग्रीको तस्करी गम्भीर अवस्थामा छ । जडीबुटी, जनावरको छाला, काठ तथा विभिन्न अवैध सामानहरूको तस्करीमात्रै नभएर विमानस्थलको प्रयोग गरी गरिने अन्य तस्करीलेसमेत नेपालको सुरक्षा तथा अनुसन्धानलाई खुलारूपमा चुनौती दिएको छ । यो लज्जाको विषय हो ।

नेपालमा सुनको तस्करीमात्रै नभएर नेपालका मूर्तिहरूकोसमेत तस्करी हुने गर्दछ । रातारात करोडपति हुने लोभ र लालचले जब सीमा नाघ्न थाल्छ तब विभिन्न खालका तस्करीको प्रारम्भ हुने गर्दछ । स्वाभावैले मानिसका असीमित आवश्यकता पूरा गर्ने सिलसिलामा, अकुत सम्पत्ति आर्जन गर्ने सन्दर्भमा, समाजमा आफ्नो शक्तिलाई कायम राख्ने सन्दर्भमा तस्करीले ठाउँ पाउने गर्दछ । स-सानो कुराबाट सुरू हुने त्यो विषयले पछि विकराल रूप लिन थाल्दछ ।

मानिसको मनोविज्ञानले मात्रै होइन उनीहरूको साथी संगतको कारणले गर्दा पनि उनीहरूको मन मस्तिष्कमा तस्करीको छाप पर्न जान्छ र त्यो मानिसको पेसा बन्न जान्छ । तस्कर हरूलाई राजनीतिक संरक्षण गर्दै जाँदा उनीहरूको मनोवल उच्च हुन्छ र गैरकानुनी तथा आपराधिक क्रियाकलापसहित तस्करी बढ्दै जान्छ । सुशासन तथा अनुशासनको घेराभित्र काम गर्ने पद्धतिमा विचलन आउँदा राज्यले प्रभावकारी काम कारबाही गर्नुको सट्टा मूकदर्शक बन्दै जाँदा नेपालमा तस्करीले उचित ठाउँ तथा मलजल पाएको भन्ने जनताको बुझाइ रहेको छ । तस्करी किन गरिन्छ भन्दा पनि नेपालमा तस्करीको च्यानल के हो, त्यसको प्रक्रिया केको, सरोकारवाला निकायहरू कुन-कुन हुने, तस्करहरूको समन्वय केन्द्र तथा कार्यालयहरू कहाँ छ ? उनीहरूको भाषा तथा उनीहरूको कारोबारको प्रकृति के हो भन्ने कुरामा राज्य चनाखो बन्ने हो भने तस्कर र तस्करीहरूलाई समयमा नियन्त्रण गर्न सकिन्छ भन्ने कुरामा राज्य चनाखो हुनु आवश्यक छ ।

छिमेकी राष्ट्र भारतमा पनि मदिरा तस्करीको प्रवृत्ति उच्च बन्दै गएको छ । मानव तस्करीको जुन एउटा सामाजिक समस्या, मानिस यौन व्यापारमा लगाउने कार्य, मानव अंगको बेचबिखन तथा प्रत्यारोपण, भाडाको सन्तानोत्पादन तथा जबर्जस्ती श्रम आदि कार्य अर्थात् अवैधानिक व्यापार आज त्यस्ताखाले कुराहरूमा मात्र सीमित नभई विलासिताका वस्तुहरू तथा बहुमूल्य पदार्थहरूको समेत तस्करीले देशको अवस्था अलि कमजोर छ भन्ने कुरा स्पष्ट हुन्छ । तस्करी नियन्त्रणको सन्दर्भमा राज्यको एकल प्रयासले मात्रै सम्भव नहुने भएकोले यसमा निजी क्षेत्र, सार्वजनिक क्षेत्र, नागरिक समाजलगायत सबै क्षेत्रको सहयोग, सहकार्य तथा नागरिकहरूको चेतनामा अभिवृद्धि गर्न जरुरी छ । यसो भएको खण्डमा मात्र केही सुधार आउन सक्छ ।

सुन तस्करीको विषयमा आएका समाचार हरूले नै नेपालमा सुन तस्करीको अवस्था कस्तो छ भन्ने कुरा स्पष्ट गर्दछ । नेपालमा पञ्चायतदेखि सुन तस्करी सुरू भयो र मौलाउन थाल्यो, त्यो समयदेखि आजसम्म तस्करीमा सरकारका संयन्त्र, प्रहरी र कर्मचारीको प्रत्यक्ष वा अप्रत्यक्ष संलग्नता रहेको छ भन्ने तर्क गर्दै गर्दा यो तर्कलाई गलत सावित गर्नु राज्य संयन्त्र तथा कर्मचारीको दायित्व हुन आउँछ ।

दोस्रो पक्ष प्रकरण आफैंमा एक संवेदनशील विषय हो । कुनै पनि व्यक्ति, समूह, संस्था र राजनीतिक दलको मिलोमोतोमा अकुत सम्पत्ति कमाउने नियतका साथ कानुनविपरीत गरिने कार्य नै प्रकरण हो । त्यस्ता खालका प्रकरणहरू नेपालमा बेलाबखतमा देखिँदै आएका छन् । कहिले सिसिटिभी फुटेज प्रकरण, लाउडा विमान प्रकरण, वाइडबडी प्रकरण, ७० करोड प्रकरण, ललिता निवास प्रकरण तथा सेक्युरिटी प्रेस प्रकरणजस्ता विषयले पछिल्लो समयमा चर्चामा रहेता पनि नेपालको विगतको इतिहासमा विभिन्न काण्ड तथा प्रकरणहरू नभएका होइनन् ।

वासठीहरण, कोत पर्व, भण्डारखाल पर्व, औलो पर्व, ३८ सालको पर्व, ४२ सालको पर्व, गेहेन्द्र शमशेर काण्ड, मकै पर्व, चर्खा प्रखारमा प्रतिबन्ध पर्व, लाइब्रेरी पर्व, वसन्त शमशेर पर्व, प्रचण्ड गोर्खा पर्व, महावीर स्कुल काण्ड, विष्ट पर्व, जनकपुर बम काण्ड, कत्छे पर्व, झोडा काण्ड, पिस्कर हत्याकाण्ड, टिम्बुरबोटे काण्ड, खुर्सानी हत्याकाण्ड, छिन्ताङ हत्या काण्ड, सेक्टर काण्ड, दासढुंगा हत्याकाण्ड, दोरम्बा काण्ड, वाँदरमुढे हत्याकाण्ड र दरबार हत्याकाण्डजस्ता घटनाक्रमको निष्पक्ष छानबिन हुन नसक्दा पछिल्लो समयमा हुने प्रकरणहरूको निष्पक्ष छानबिन हुने, दोषीले सजाय नपाउने अवस्था सिर्जना हुने हो कि भन्ने विषयमा जनतामा शंका उत्पन्न हुनु स्वाभाविक हो । विषय त्यत्तिमा मात्र सीमित रहँदैन । सुडान घोटला, ३३ किलो सुन प्रकरण, सेक्युरिटी प्रेस प्रकरणजस्ता विषय निश्चित टुंगोमा पुग्न नसकेको कारणले गर्दा त्यसपछाडि विभिन्न घटनाक्रमहरू बढ्न थालेका छन् । हरेक राजनीतिक दल नेतृत्व तहमा पुगिसकेपछि अर्थात् आफू सत्ता र शक्तिमा पुगिसकेपछि आफू अनुकूल नीति नियमलाई व्याख्या तथा कार्यान्वयन गर्न सकिन्छ भन्ने मनोविज्ञान हाबी भएको पाइन्छ ।

नेपालमा पुराना कानुन तथा नीति नियमहरू आफैंमा कमजोर छन् । केही महिनाको कैद र थोरै जरिवानामात्रै तिरेपछि पुग्ने नियम कानुनले गर्दा मानिसहरूमा अपराध गर्दा खासै केही फरक नपर्ने रहेछ भन्ने छाप पर्न गएको छ । कठोर सजायको व्यवस्था नहुँदा, नेतृत्व वर्गले संरक्षण प्रदान गर्दा प्रकरणहरू आफैंमा सेलाएर जाने सम्भावना पनि छ । मिसेल फूकोले आफ्ना पुस्तक शक्ति र राजनीतिमा उल्लेख गरेजस्तै शक्ति र राजनीतिको आडमा अपराधलाई संरक्षण दिने कार्यमा हाम्रो देश तथा समाज अग्रगतिमा अगाडि बढेको देखिन्छ । नेपालमा आर्थिक अनियमितता, अवैधानिक क्रियाकलाप हुने प्रवृत्तिले आफ्नो जरा बलियो बनाउँदै लगेको अवस्था छ । त्यसलाई मलजल गर्ने कार्य भएपछि त्यसको फैलिने प्रवृत्तिले देश र जनता कमजोर बन्दै गएको भन्ने विषयले स्थान पाउन थालेको छ ।

तेस्रो पक्ष भनेको छानबिनको घेरा हो जसले तस्करी र प्रकरणलाई एक ठाउँमा ल्याउने कार्य गर्दछ । घटनाक्रम अनुसन्धान गर्दा अनुसन्धानको घेरालाई फराकिलो पार्न सकियो भने त्यसले विस्तारै दोषीलाई कानुनको कठघरामा ल्याउन सहयोग गर्दछ तर अधिकांश अनुसन्धानहरू निरर्थक बन्न जान्छ । कतिपय गलत अनुसन्धानको कारणले घटनाले छुट्टै मोड लिनसक्छ । इन्धन तस्करीले ठाउँ पाउँदै गर्दा, नियमनकारी निकाय मौन बस्दै गर्ने हो भने छानबिन केवल कागजको टुक्रामा सीमित भएको हुन्छ । पछिल्लो समयमा देखापरेका मुद्दा तथा विषयहरूले अपेक्षित उपलब्धि प्राप्त नहुँदा त्यसको अल्पकालीन तथा दीर्घकालीन असरले आगामी दिनहरू समेत यसको प्रभाव रहिरहने अवस्था देखिएको छ । त्यसैले अनुसन्धानको घेरालाई फराकिलो बनाउनु जरूरी छ ।

नेपालको पछिल्लो आवधिक योजना १५औं योजनालाई हेर्ने हो भने संघीय प्रणालीअनुसार नेपालमा कार्यान्वयन गर्ने पहिलो योजना हो र यसमा तीव्र आर्थिक वृद्धि, उत्पादनशील रोजगारी सिर्जना र विकासका प्रतिफल र अवसरहरूमा समतामूलक पहुँच स्थापित गर्दै, ‘समृद्ध नेपाल, सुखी नेपाली’को राष्ट्रिय सोच र समाजवादउन्मुख अर्थतन्त्रको आधार सिर्जना गर्नमा केन्द्रित छ । यो योजनाले संघीय प्रणालीअनुसार एकीकृत योजना प्रणालीको विकास, दीर्घकालीन सोच, राष्ट्रिय लक्ष र उद्देश्य हासिल गर्ने गरी, प्रदेश र स्थानीय तहको आवधिक योजना र कार्यान्वयनलाई मार्गनिर्देश गरेको छ । त्यसैगरी, यो योजनाले रूपान्तरणकारी कार्यक्रम तथा आयोजना पहिचान र नतिजामूलक योजना, अनुगमन तथा मूल्यांकन प्रणालीको संस्थागत विकास र सुदृढीकरणमा नहुँदै त्यसले कुनै अर्थ लगाए पनि त्यसलाई सुधार गर्नु जरूरी छ ।

कानुनीरूपमा हेर्दा नेपालमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली-२०७० अनुसार उक्त नियमावलीको नियम ७ मा राजस्व चुहावट सम्बन्धमा भएको तथा कुनै पनि स्रोतबाट विभागलाई जानकारी भएको कुरामा प्रारम्भिक अनुसन्धान तथा छानबिन गर्न सक्ने व्यवस्था गरेको पाइन्छ । हरेक दिन विभिन्न प्रकरणहरू बाहिरिँदै गर्दा त्यस्ता प्रकरणहरूको समयमै छानबिन गरी कारवाही गर्न सकिएन भने त्यस्ता प्रकरणहरूले जटिलता सिर्जना गर्न सक्छन् । देश आफैंमा कमजोर भइरहेको अवस्थामा गरिने यस्ता प्रकारका कार्यहरूले देशको राष्ट्रिय तथा अन्तर ाष्ट्रिय छविसमेत बिग्रन जान्छ ।

सुन तस्करी प्रकरणको छानबिनका लागि उच्चस्तरीय समिति बनाउनैपर्ने भन्ने नेकपा एमालेको अडानका कारण संसद् अवरूद्ध हुँदा सम्बोधन गर्नुपर्ने अन्य विषयहरू ओझेलमा पर्दै गएका छन् । प्रकरणको छानबिनका लागि उच्चस्तरीय सयन्त्र चाहिने भन्ने कुराले दुईवटा अर्थ राख्दछ । पहिलो विषय भनेको प्रहरी अनुसन्धनमा कुनै दलका नेतृत्वसमेत तानिनसक्ने भएकोले सोबाट जोगिनका लागि उच्चस्तरीय समिति अर्थात् भागबण्डा मिलान समिति बनाउन खोजिएको हो भने अर्को अर्थमा राज्यले वा सरकारले शक्ति र सत्ताको आडमा आफ्ना दलका नेता कार्यकर्तालाई जोगाउनसक्छ भन्ने अर्थ राख्दछ । यसरी कुनै घटनालाई राजनीतिक दलहरू मिलेर साम्य पार्न खोजेता पनि त्यो प्रवृत्तिले अन्ततः देशलाई नै विनासको बाटोमा लैजान्छ । तसर्थ, प्रकरणहरूको छानबिनको घेरा फराकिलो बनाउँदै निष्पक्षताको आधारमा गरिने छानबिनमा राज्यशक्ति वा राजनीतिक शक्तिको आडमा छानबिन नै प्रभावित पार्ने प्रवृत्तिको अन्त्य गर्नु आवश्यक छ ।

## पत्र–मञ्जुषा

# राज्य र समाजबाट अपहेलित सडक बालबालिका

नेपालमा बालश्रम उन्मूलनको कुरा धेरै गरियो । तर, बालश्रमको अझै पनि अन्त्य हुन सकेको छैन । कतिपय बालबालिकाहरू बालअधिकार पाउनबाट वञ्चित छन् । उपत्यकाका सडकमा मागेर खाने बालबालिकाको संख्या उल्लेखनीय छ । उपत्यकाबाहिरका जिल्लामा पनि अवस्था उही नै छ । सडकमै मागेर खाने, त्यही बस्ने र त्यही सुत्ने बालबालिकाहरू छ्याप्छ्याप्ती छ ।

इँट्टाभट्टा, होटल, रेस्टुरेण्ट, घरायसी कामकाजमा पनि बालबालिकाकै प्रयोग भइरहेको छ । त्यस्तै, मठमन्दिरमा पनि माग्न बस्ने बालबालिकाको संख्या धेरै छ । पशुपतिनाथ मन्दिरमा बालबालिका मात्रै नभई तिनका बाबुआमा, अपांग, ज्येष्ठ नागरिकहरू यत्तिकै माग्न बसेका हुन्छन् । कसैको हात छैन त कसैको खुट्टा । कोही दुधे बालक च्यापेर बसेका देखिन्छन् । चिसो सिँढीमा बसेर हात फैलाइरहेको दृश्य एकदमै दयनीय छ । कति बालबालिकाको बाबुआमा छैनन् ।

बाबुआमा गुमाइसकेका बालबालिकाहरू सडकमा छन् । कहीँकतै सहारा नभएपछि उनीहरूले सडकलाई आफ्नो बासस्थान बनाएका छन् । अशिक्षा, गरिबी र बेरोजगारी व्यक्तिलाई सडकमा ल्याउनुको अर्को कारण हो । कतिपय घर निकाला भइसकेपछि सडकमा आएर जिन्दगी गुजिरहेका छन् । अधिकांश बूढाबूढी सडकमा आउनु यही नै हो । मानसिकता गुमाएका, उपचार नपाएका, आफ्नो खुट्टामा उभिएर केही गरेर खान्छु भन्ने क्षमता नभएकाहरू पनि त्यही भीडमा छन् ।

आफ्नो घरपरिवारबाट अपहेलित भएर, असहयोग भएर सडकमा आएका व्यक्तिहरूमाथि राज्यको आँखा पर्न सकेको छैन । माग्न बसेकाहरूलाई स्थानीय सरकारले समेत मतलब गर्दैन । न स्थानीयबासीहरूमा नै सहयोगको भावना जाग्छ । उनीहरू पनि देशका नागरिक हुन् । तर, राज्यले नै उनीमाथि अपहेलना गरिरहेको छ । खुला आकाशमुनि रात कटाउन बाध्य छन्, उनीहरू । सरकारले त्यस्ता नागरिकहरूका लागि खाना, बस्न, लगाउन, उपचारलगायत अति आवश्यक अधिकारहरू प्रदान गर्नुपर्ने हो ।

यिनीहरू नेपाली हुन्, तर उनीहरूसँग नागरिकता छैन । बुवाआमा बाटोमा भएका छोराछोरीले कहाँबाट जन्मदर्ता बनाउने ? स्थायी ठेगाना छैन । नागरिकता र जन्मदर्ता नहुँदा उनीहरू राज्यबाट पाउनुपर्ने सबै सेवासुविधाबाट वञ्चित भएका छन् । काठमाडौंमा तीन वटा घर हुनेहरू, महिनामा लाखौं रूपैयाँ भाडा उठाउनेले ज्येष्ठ नागरिक भत्ता लिइरहेका छन् । तिनका त छोराछोरी पनि सरकारी जागिरे छन् । यता, श्रीमान् नभए पनि सम्पत्ति भएका एकल महिलाहरूले समेत मासिक भत्ता बुझिरहेका छन् ।

छोराछोरी भने अमेरिका, अस्ट्रेलिया पुगेका छन् तर उनीहरू भत्ता लिन छोड्दैनन् । यता, सरकारी स्कुलमा पनि धनीकै छोराछोरी छात्रवृत्तिमा पढ्छन् । सरकारी कर्मचारीका छोराछोरीहरू छात्रवृत्तिको हकदार बनेका छन् । तर, सडकमा मागेर खानेको छोराछोरीले के पाए ? गरिबलाई भनेको छात्रवृत्तिमा धनीले रजाइँ गरिरहेका छन् । धनीहरू जहिले पनि गरिबको अधिकार खोस्छन् । उनीहरूको कारण गरिबका छोराछोरी स्कुल जान सकेका छैनन् । तीन वटा घर भएकालाई किन मासिक भत्ता चाहियो ?

त्यो भत्ता सडकमा मागेर खानेलाई दिँदा राम्रो हुन्थ्यो । धनीलाई छात्रवृत्ति दिनुको साटो गरिबलाई पढायो भने देशको साक्षरता दर बढ्थ्यो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले सडक माग्नेमुक्त बनाउने घोषणा गरेका थिए । सडकमा मागेर खानेहरू शिक्षादीक्षा, उपचार, गाँस, बास, कपासको व्यवस्था गर्ने भनेर ठूलठूला कुरा गरे । पत्रपत्रिका, अनलाइनहरूले हेडलाइन समाचार बनाए । ओलीको फोटो पत्रिकाको पहिलो पृष्ठमा आयो । तर, ती गरिबले के पाए ?

आज पनि उनीहरू सडकमै गुजारा गरिरहेका छन् । माग्नेमुक्त सडक कुन जिल्लामा छ ? कुनै जिल्लाले मागेर खानेहरू व्यवस्थापन गर्न सकेको छ ? यसअघिका काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले पनि माग्नेहरूको नाममा नौटंकी देखाएर चर्चामा आएका थिए । केही दिन सडकमा बस्नेहरूलाई रातमा लगेर बासस्थानको व्यवस्थापन गरे । पछि फेरि उही अवस्था दोहोरियो । क्षणिक लोकप्रियताका लागि उनले मागेर खाने व्यक्तिहरूको प्रयोग गरे ।

सडकमा मागेर खानेको नाममा धेरै गीत बन्यो । फिल्म बन्यो । चलचित्र बनाउनेले कमाएर खाए । गीत गाउने कलाकारहरूले पनि आफ्नो कमाइखाने बाटो बनाए । कलाकारहरू उनीहरूको नाटक गरेर चर्चामा आए । तर, सडकमा बस्नेको समस्या त समाधान भएन । किनकि, कसैले उनीहरूलाई बुझ्न सकेनन् । राज्यबाट अपहेलित जनताको नाममा व्यापार भयो । सडकमा बस्नेको नाम लिएर राजनीतिक दलहरू सत्तामा पुगे । आफू सत्तामा पुगे तर उनीहरूको समस्या आज पनि जस्ताको त्यस्तै छ । गरिब बालबालिकाले न्याय कहिले पाउला त ? यो गम्भीर प्रश्न अनुत्तरित छ ।

*– अनुसा थापा, भक्तपुर*

### जानकारी

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**ढकिया बुन्दै** | शुक्लाफाँटा नगरपालिका–३ स्थित थारु समुदायका महिला ढकिया बुन्दै । स्थानीयस्तरमै पाइने घाँसबाट बनाइने ढकिया घरायसी सामान राख्नका लागि प्रयोग गरिन्छ ।
*तस्बिरः राजेन्द्रप्रसाद पनेरु/रासस*

# पोखराका ट्याक्सी चालक मिटरमा चल्न तयार

**गण्डकी–** पोखराका ट्याक्सी चालक मिटरमा हिँड्न तयार भएका छन् । गण्डकी प्रदेश सरकारले दुई वर्षअघि समायोजन गरेको भाडादरअनुसार ट्याक्सी मिटरमा गुड्ने भएका हुन् । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयद्वारा शनिबार यहाँ आयोजित अन्तर्क्रिया कार्यक्रममा ट्याक्सी चालकले पोखरा उपत्यकाभित्र मिटरमा हिँड्ने प्रतिबद्धता जनाएका हुन् ।

२०७८ फागुन १ देखि लागू हुनेगरी प्रदेश सरकारले भाडादर समायोजन गरे पनि यहाँका ट्याक्सी मिटरमा चलेका थिएनन् । ट्याक्सीले मनपरि भाडा लिने गरेको जनगुनासो आउन थालेपछि मन्त्रालयले चालकलाई मिटर प्रणालीमा गुड्न सहमत गराएको हो ।

प्रदेशका यातायातमन्त्री रेशमबहादुर जुग्जालीसहित सरोकारवाला पक्षसँगको अन्तर्क्रियामा पोखरेली ट्याक्सी सेवा प्रालिका अध्यक्ष प्रकाशमणि तिवारीले आफूहरू मिटरमा हिँड्न तयार रहेको बताए । 'विगतमा भएका सहमति पालना गर्न हामी तयार छौं । ट्याक्सी व्यवसायीको मर्का पनि सरकारले बुझिदिनुपर्‍यो,' उनले भने, 'महँगीका आधारमा भाडादर समायोजन हुनुपर्छ, स्वचालित भाडादर कायम हुनुपर्छ ।'

ट्याक्सी व्यवसायीलाई मात्र दोष थोपर्ने गरिएको भन्दै इन्धनको मूल्यमा आइरहने उतारचढाव, बढ्दो महँगीले मिटर प्रणालीमा आउने समस्यालगायत विषयमा सरकार गम्भीर बन्नुपर्नेमा अध्यक्ष तिवारीले जोड दिए । 'इन्धनको भाउ घटबढ हुँदा स्वचालितरूपमा भाडादर कायम गर्ने, पटकेलगायत यातायातका सेवालाई अनलाइन प्रणालीमा लैजान सके व्यवसायीलाई राहत पुग्छ,' उनले भने, 'एउटा प्रयोजनका लागि दर्ता भएका सवारीसाधन अर्कै काममा प्रयोग भइरहेका छन् । यसलाई कडाइका साथ रोक्नुपर्छ ।'

दुई वर्षअघि समायोजन गरिएको भाडादरअनुसार १५ किलोमिटरको यात्रामा चढ्नासाथ (फ्ल्याग डाउन) ८० रूपैयाँ र त्यसपछि प्रति २०० मिटरको १० रूपैयाँ तोकिएको छ । १५ किलोमिटरभन्दा बढीको दूरीमा प्रतिकिलोमिटर ३७.५० रूपैयाँ कायम गरिएको थियो । मन्त्रालयको प्रशासन तथा यातायात व्यवस्थापन महाशाखाका प्रमुख टीकाराम पौडेलले विगतमा गरिएका प्रतिबद्धतालाई ट्याक्सी व्यवसायीले लागू गर्नुपर्ने बताए ।

'एक हप्ताभित्रमा पोखरा उपत्यकामा गुड्ने ट्याक्सी मिटरमा गुड्छन्, मिटर प्रणालीमा नचलेको पाइएमा कारबाही हुन्छ, ट्राफिक प्रहरीले नियमित अनुगमन गर्छ, मन्त्रालयबाट पनि यसको नियमन गर्छौं,' उनले भने, 'ट्याक्सी मिटरमा नहिँड्दा यात्रु ठगिइरहेको गुनासो आइरहेको छ, मनलाग्दी भाडा लिने प्रवृत्तिको अन्त्य हुनुपर्छ ।'

प्रदेश सरकार र ट्याक्सी व्यवसायीबीच भाडा समायोजनलगायत विषयमा भएका कतिपय समझदारी अझै कार्यान्वयन हुन नसकेको महाशाखा प्रमुख पौडेलले बताए । 'उक्त प्रतिबद्धतापत्रमा भाडा तिरेको बिल दिनुपर्ने, ट्याक्सीमा जिपीएस जडान गर्नुपर्ने, चालकको छुट्टै पोसाक हुनुपर्नेलगायत उल्लेख छ,' उनले भने, 'यी कुनै पनि सर्त ट्याक्सीले व्यवसायीले लागू गर्न सकेका छैनन् ।'

यातायातमन्त्री जुग्जालीले ट्याक्सीलाई तुरुन्त मिटर प्रणालीमार्फत चलाउन यातायात व्यवसायीसमक्ष आग्रह गरे । 'विगतका समझदारी पालना गर्नुस्, मिटरमा नचल्ने ट्याक्सी चालकलाई अब हामी कारबाही गर्छौं,' उनले भने, 'स्वचालित भाडादर पनि लागू हुन्छ, व्यवसायीलाई मर्का पर्ने देखिएमा पुनःभाडा समायोजन गर्न सकिन्छ ।'

मन्त्री जुग्जालीले ट्याक्सी व्यवसायमा देखिएको 'रुटपरमिट'को समस्या हल गर्न मन्त्रालयले गृहकार्य गरिरहेको बताए । दुई जिल्लाको मात्र रुटपरमिट हुँदा प्रदेशभित्रै एक ठाउँबाट अर्को ठाउँमा जाँदा पटके तिर्नुपर्नेलगायत झन्झट व्यहोर्न ट्याक्सी चालक बाध्य भएका गोरखा मनकामना यातायात सेवा प्रालिका अध्यक्ष सुरेन लामिछानेले बताए । सरकारले प्रदेशभित्र एउटै परमिट लागू गर्नुपर्नेमा उनले जोड दिए । *रासस*

# तरकारी बेचेर आत्मनिर्भर बन्दै महिला

**गलेश्वर (म्याग्दी)–** म्याग्दीको बेनी नगरपालिका–२ खबराकी ५४ वर्षीया पवित्रा कार्कीको दैनिकी दुई किलोमिटरको दूरी पार गर्दै आफ्नै बारीमा फलेको तरकारी लिएर बेनी बजारमा बेच्नमै व्यस्त हुन्छ । प्रत्येक साँझ बारीमा फलेको तरकारी टिपेर घरको छानामाथि शीतमा राख्ने र भोलिपल्ट बिहानै ती तरकारीलाई डोकोमा बोकेर बजारसम्म पुर्‍याएर बिक्री गर्ने उनको दैनिकी नै बनेको छ ।

उनले मौसमअनुसार तरकारी खेती गरेकी छन् । दैनिक कति किलो तरकारी बिक्री हुन्छ यसको कुनै हिसाब नै छैन उनीसँग । 'आफ्नो बारीमा फलाएको तरकारीको के हिसाब राख्नु र ? बारीबाट टिप्यो, डोकोमा हाल्यो, भोलिपल्ट बिहानै बजार ल्यायो, बेच्यो, सिद्धियो,' कार्कीले भनिन्, 'अन्तबाट खरिद गरेर बेच्ने भए पो यति किलो खरिद गरेँ भन्ने हिसाब हुन्छ । यी सबै आफ्नै बारीमा फलाइएका हुन् ।'

कार्कीले १० वर्षदेखि यसैगरी डोकोमा बोकेर तरकारी बेच्दै आएकी छन् । बेनी बजारमा उनलाई 'तरकारी आमै' भनेर चिन्ने र बोलाउने गरेका अनुभव सुनाइन् । प्रत्येक बिहान बेनी बजारका घरघरमा तरकारी पुर्‍याउने कार्कीले दैनिक एक डोको तरकारी बिक्री गरेर दुई हजारदेखि तीन हजार रूपैयाँसम्म कमाउने गरेको बताइन् । उनका अनुसार गत जेठदेखि साउनको तेस्रो सातासम्म बर्खे तरकारी बेचेर दुई लाख



रूपैयाँभन्दा बढी कमाइ भएको छ ।

मौसमअनुसारका तरकारी बढी बिक्री गरे पनि साग र धनियाँ भने कहिल्यै नछुट्ने कार्कीले बताइन् । 'दैनिक थोरै भनेको दुई हजार रूपैयाँ आम्दानी हुन्छ । प्रायः तीन हजार ५०० रूपैयाँसम्म भइरहन्छ । बर्खे तरकारी बेचेर दुई लाख ६५ हजार रूपैयाँ कमाएछु,' उनले भनिन् ।

तरकारीबाट कमाएको पैसाले कार्कीले म्याग्दीको पर्यटकीयस्थल लभ्ली हिलमा चारतले पक्की घर बनाएकी छन् । कार्कीका पति चन्द्रबहादुर र छोरा नारायणले गाउँमा नै तरकारी खेती गर्छन् । चन्द्रबहादुर जिल्लाकै अगुवा कृषक हुन् ।

कार्कीले झैँ आफ्नै बारीमा फलेको तरकारी बेचेर विगत पाँच वर्षदेखि घर चलाउँदै आएकी छन् मंगला गाउँपालिकाकी चन्द्रमाया सापकोटाले पनि । ३८ वर्षीया सापकोटाको दैनिक ७०० रूपैयाँदेखि एक हजार रूपैयाँसम्म आम्दानी हुने गर्दछ । उनले बर्खे बालीभन्दा हिउँदे बालीबाट बढी आम्दानी गर्ने गरेको बताइन् ।

'हिजोआजको समयमा फलेको तरकारीबाट भन्दा हिउँदे बाली चना, केराउ, साग, जाँतोमा पिसेको दाल र अन्य गेडागुडीबाट मैले दिनको एक हजार ५०० रूपैयाँसम्म आम्दानी गरेको छु,' उनले भनिन् ।

कार्की र सापकोटाजस्तै जिल्लाका धेरै महिला पछिल्लो समय तरकारी खेतीबाट आत्मनिर्भर बन्दै गएका छन् । जिल्लाका कृषकले अहिले गोलभैँडा प्रतिकिलो १५० रूपैयाँसम्ममा बिक्री गर्दै आएका छन् । वर्षाको समयमा यहाँका किसानले आलु, प्याज, बर्खे खुर्सानी, भेन्टा रायोको सागलगायत हरियो तरकारी बेच्ने गर्दछन् ।

साथीले गरेको देखेर आफूले पनि सकिँदो रहेछ भनेर तरकारी खेती सुरु गरेको स्थानीय अप्सरा घिमिरेले बताइन् । बारीमा फलेको तरकारीलाई नजिकको बजारसम्म ल्याएर बेच्न सुरुसुरुमा लाज लागेको भन्दै उनले अहिले त उमेरले साथ दिएसम्म यही व्यापार गर्ने बताइन् ।

'बजारका घरघरमा डुलाएर बेच्न मलाई पहिला त लाज लागेको थियो । अहिले आफ्नो पेसा/व्यापार हो भन्ने बुझेको छु । अब सकुञ्जेल यही काम गर्ने हो,' अप्सराले भनिन् । उनका अनुसार बेनी बजारमा प्रत्येक बिहान अर्ग्यानिक तरकारी किन्ने ग्राहकको भीड देख्न सकिन्छ । प्रायः 'मर्निङ वाक' गर्नेले तरकारी किनेर लैजाने गर्दछन् । *रासस*

# सरकारलाई 'मूल्यवान' लोगो हस्तान्तरण

**कर्णाली (प्रस)–** कर्णाली प्रदेश सरकारले यहाँका किसानको सम्पदा नामक 'मूल्यवान' लोगो संघीय सरकारलाई हस्तान्तरण गरेको छ । प्रदेश सरकारले उक्त लोगो साउन ११ गते सार्वजनिक गरेको थियो ।

नेपाल सरकार कृषि तथा पशुपक्षी विकास मन्त्रालयद्वारा आयोजित एकदिने 'कृषि तथा पशुपक्षी विकाससम्बन्धी समन्वयात्मक छलफल'मा शुक्रबार कर्णाली प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्री भीमप्रकाश शर्माले संघीय मन्त्री डा. बेदुराम भुसाललाई लोगो हस्तान्तरण गरेका हुन् ।

उक्त लोगो ग्रहण गर्दै मन्त्री डा. भुसालले कर्णालीमा उत्पादित कृषि उत्पादनमा आफ्नै लोगो टाँसेर बजारमा पठाउन सुरु गरेकाले संघीय सरकारले यसको अन्तर्राष्ट्रिय बजारीकरण गर्न सहयोग गर्ने प्रतिबद्धता जनाए ।

'कर्णालीमा मूल्यवान कृषिजन्य वस्तु उत्पादन हुन्छन् भन्ने सन्देश 'मूल्यवान' लोगोबाट विश्वभर प्रवाह गर्न संघ सरकार तयार छ,' उनले भने, 'रैथाने, प्रांगारिक र मूल्यवान कृषिवस्तु उत्पादनमा वृद्धि गर्न सकेमात्र 'मूल्यवान' लोगोको अर्थ रहन्छ ।' यसको प्रचारप्रसार विश्वभर गर्न सकिए नेपालकै नाम उँचो हुने र त्यसले मुलुकको गौरव बढाउने मन्त्री डा. भुसालको भनाइ थियो ।

लोगो हस्तारण गर्दै कर्णाली प्रदेश सरकारका भूमिमन्त्री शर्माले 'लम्पी स्किन' रोग नियन्त्रणमा राहत, प्रयोगशाला सञ्चालनमा बजेटलगायत व्यवस्था गर्न माग गरे । उनले किसानलाई प्रांगारिक मलको फाइदाबारे जानकारी दिनुपर्ने भन्दै पशुपालनमा किसानलाई प्रेरित गर्ने कार्यक्रम सञ्चालन थर्न सके रासायनिक मलको प्रयोगमा रोकथाम हुने बताए ।

अर्गानिक उत्पादनका लागि प्रांगारिक मलको व्यवस्थापन र अनुदानमा विशेष कोटा निर्धारण गरी प्रदेश सरकारलाई बजेटको व्यवस्था गर्नसहित मन्त्री शर्माले मन्त्री भुसालको ध्यानाकर्षण गरे ।

मन्त्री शर्माले समन्वय बैठकमा सहभागी अन्तरप्रदेशका कृषिमन्त्री तथा सचिवसहित पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यलाई समेत कर्णालीका किसानको सम्पदा 'मूल्यवान' हस्तारण गरेका थिए ।


मरिण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
वागमती प्रदेश, नेपाल

**आन्तरिक आय तर्फको नदीजन्य पदार्थ उत्खनन्, संकलन तथा विक्री शुल्क उठाउने ठेक्का वन्दोवस्त सम्वन्धी बोलपत्र आह्वानको ३० (तीस) दिने सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/२८ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा मरिण गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७८ (पहिलो संशोधन २०७९) एवं मरिण गाउँपालिकाको आर्थिक ऐन, २०८० मा भएको व्यवस्था बमोजिम तपसिलमा उल्लिखित खोलाको मरिण स्वीकृत बिन्दुहरुबाट निर्धारित मापदण्ड बमोजिम IEE प्रतिवेदन अनुसार नदीजन्य पदार्थ उत्खनन् गरी बिक्री गर्न ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको शर्तहरुको अधीनमा रहि E-Bid मार्फत् बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | उत्खनन् परिणाम (घन मि.) | न्यूनतम बोलपत्र रकम (रू.) सेवा शुल्क र मू.अ. कर बाहेक | धरौटी रकम (रू.) | धरौटी खाता नं. | बोलपत्र दस्तुर (रू.) | आन्तरिक राजश्व खाता नं. | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| MRM/Sindhuli/NCB/IR/01/2080-081 | आन्तरिक आय व्यवस्था (मरिण खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा संकलन) | १२,५५०।०० | ३९,८४,८७६।०० | २,२६,०००।०० | ग-३ १५३०१००३०३००००२ | ३,०००।०० | ग-१-१ १५३०१००३०१०१०००२ | २०८०/०५/२६ गते दिनको १२:०० वजे | २०८०/०५/२६ गते दिनको २:०० वजे |
| MRM/Sindhuli/NCB/IR/02/2080-081 | आन्तरिक आय व्यवस्था (मरिण खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा संकलन) | ९,५००।०० | ३०,१६,४४०।०० | १,७१,०००।०० | | ३,०००।०० | | | |
| MRM/Sindhuli/NCB/IR/03/2080-081 | आन्तरिक आय व्यवस्था (मरिण खोलाबाट ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् तथा संकलन) | ६,८२५।०० | २१,६७,०७४।०० | १,२३,०००।०० | | ३,०००।०० | | | |

प्रमुख प्रशासकीय अधिकृत

# प्रभाव दैनिक

आइतबार, २८ साउन २०८० (Sunday, August 13, 2023)





## सन्नी देओलको गदर–२ को ४० करोडको ओपनिङ

सन्नी देओलको गदर २ ले पहिलो दिनमै धमाका मच्चाएको छ । अगस्ट ११ मा रिलिज भएको यो फिल्मको सर्वत्र चर्चा छ । गदरका फ्यानहरू यसको सिक्वेललाई लिएर निकै उत्साहित भएका छन । अहिले फिल्मको दोस्रो भाग रिलिज भएसँगै यसले पनि निकै माया पाइरहेको छ । फिल्मलाइ दर्शकहरूले अत्याधिक रूचाए पछि सलमान खानले पनि सो चलचित्रको तारिफ गर्न छोडेनन् । उनले सामाजिक सञ्जालमा गदर २ को बारेमा पोस्ट गरेका छन् । गदर २ को पोस्टर सेयर गर्दै सलमान खानले लेखेका छन्, 'ढाई किलो का हात ४० करोडको ओपनिङ बराबर। सन्नी पाजी गजब। गदर २ को सम्पूर्ण टिमलाई बधाई छ।




# वरिष्ठ पत्रकार रिसालको 'भैरव दाइ' लोकार्पण



■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ पत्रकार भैरव रिसालको जीवन भोगाइ समेटिएको 'भैरव दाइ' लोकार्पण गरिएको छ । रिसालको ९६औं जन्मोत्सवको अवसर पारेर आयोजित कार्यक्रममा सो पुस्तक लोकार्पण गरिएको हो ।

पुस्तकमा रिसालको 'रहरले कम्युनिस्ट, बाध्यताले पत्रकार', 'दुई सय रूपैयाँ घुस', 'हाम्रै हो लिम्पियाधुरा', 'सुशीला, सरकारी पत्रकार', 'चर्पी नबनाउनेको घरमा चिया खान्न म', 'जेल जीवन र राजनीति', 'चुनाव', 'गाउँको विकास', 'पत्रकार', 'उहिले बाजेको पालामा', 'लोभी पशुपति', 'राजासँगका भ्रमण'लगायत अनुभूति समेटिएका छन् ।

पुस्तक लोकार्पण गर्दै मानवअधिकारकर्मी गौरीशङ्करलाल दासले पुस्तकले भैरव भाईको जीवनलाई उजागर गरेको जनाउँदै उनले जीवनमा प्राप्त गरेको उपलब्धि पुस्तकमा समेटिएको बताए । अधिकारकर्मी दासले भैरव रिसालसँगको अनुभूति स्मरण गर्दै भने, 'म र भैरव भाई सँगसँगै काम गरेका थियौं हाम्रो पुरानो सम्बन्ध छ । पुस्तकमार्फत उहाँले जीवनको भोगाइ समेट्नुभएको छ ।'

वरिष्ठ पत्रकार रिसालले ज्येष्ठ व्यक्तित्वबाट पुस्तक लोकार्पण गराएका थिए । मानिसको जिन्दगी कर्कलाको पातको पानी जस्तो भएको उल्लेख गर्दै उनले जीवित रहुन्जेल राम्रो काम गर्नुपर्ने बताए । आफूले पुस्तकमार्फत जिन्दगीको अनुभव साटेको उनको भनाइ थियो ।

दलित अधिकारकर्मी राम वादीले रिसाललाई दीर्घायुको शुभकामना व्यक्त गरे । कार्यक्रममा संस्कृतिविद् डा गोविन्द नेपालीले रिजाललाई दीर्घायुको कामना गर्दै भोजपत्रको माला लगाइदिएका थिए । भक्तपुर दधिकोटका सधियारे बालचन्द्र मिश्रले असारे भाकामा वरिष्ठ पत्रकार रिसाललाई शुभकामना दिएका थिए ।

समारोहमा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि, अर्जुननरसिंह केसी, राष्ट्रियसभा सदस्य वामदेव गौतम, नेकपा (एमाले)का नेता प्रदीप ज्ञवाली, एमाले सांसद रघुजी पन्त र सूर्य थापा, नेकपा (माले)का महासचिव सिपी मैनाली, सीमाविद् बुद्धिनारायण श्रेष्ठलगायत विशिष्ठ व्यक्तित्वले रिसालको सुस्वास्थ्य, दीर्घायु र सक्रिय जीवनको शुभकामना दिएका थिए ।

कार्यक्रममा वरिष्ठ पत्रकार रिसाललाई देशविदेशबाट प्राप्त शुभकामना सन्देशसम्बन्धी भिडियो प्रदर्शन गरिएको थियो ।

# तीज गीतमा कृषि कहर खोतल्दै चन्द्रावती



**गण्डकी–** कृषि प्रधान देशमा पछिल्लो समय कृषिप्रतिको बढ्दो अनिच्छाका कारण बर्सेनि परनिर्भरतामा जकडिनुपरेको वास्तविकतालाई गीतकार चन्द्रावती वाग्लेले तीज गीतमार्फत प्रस्तुत गरेकी छिन् ।

समाजका वास्तविकतालाई विभिन्न तीज गीतमार्फत प्रस्तुत गर्दै आएकी वाग्लेले यस वर्ष 'कृषि प्रधान देश' र 'फेरि पनि आयो तीज मन दुखाउन' शीर्षकका दुई गीति एल्बम सार्वजनिक गरेकी छिन् ।

**"कृषि प्रधान देश हाम्रो खेतबारी बाँझै छन् ।**
**कति दुःख गरियो याद ताजै छन् ॥"**

गीतबाट सुरु उनको 'कृषि प्रधान देश' गीति एल्बममा कृषि पेसाप्रतिको अनिच्छाले हामीलाई बर्सेनि परनिर्भरतातर्फ डोर्‍याएको उल्लेख गरिएको छ । परम्परागत कृषि प्रणाली तथा उपकरण पछिल्ला पुस्ताका लागि नौला बन्दै गएकाले यी सामानलाई चिनाउनका लागि सङ्ग्रहालयमा राख्नुपर्ने अवस्था आएको भन्दै गीतमा

**"हलो जुवा स्याखु खत्री नामै नौला भैसके ।**
**म्युजियममा राख्नुपर्ने बेला आइसके ॥"**
भनिएको छ ।

रोपाइँ गर्न भ्याइनभ्याइ हुने गरेको विगतको अवस्था र अहिले रोपाइँ महोत्सवका रूपमा मनाउने गरिएको विषयलाई गीतमा समेट्दै,

**"बासी हिलो रोप्न जान्थेम आँखा मिच्दै निन्द्रैमा ।**
**अहिले ठूलै नाटक हुन्छ असार पन्ध्रमा ॥**
**मन्त्री आउँछन् झण्डा हल्लाई असार पन्ध्र मनाउन ।**
**गमलामा धान रोपी किसान जनाउन ॥"** उल्लेख गरिएको छ ।

किसानले खेती गर्न समयमा पर्याप्त मल, बीउ नपाउने गरेको कुरा खोतल्दै गीतकार वाग्लेले

**"किसानले खेती गर्दा मल बीउ नपाउने ।**
**सरकारको बजेट आउँछ बाँदर धपाउने ॥"**
भनेकी छिन् ।

वाग्लेले कोही कसैलाई दोष मात्रै दिएर नभइ समाज र राष्ट्र निर्माणमा सबै आआफ्ना तर्फबाट जुट्नुपर्नेमा जोड दिएकी छिन् । हाम्रा संस्कार र संस्कृति बिगार्ने छुट कोही कसैलाई नभएको पनि उनका गीतमार्फत सन्देश दिन खोजिएको छ । खुर्सानी गोलभेँडामा परनिर्भर रहनुपर्ने अवस्थालाई चित्रण गर्दै गीतमा सक्षम युवा जन्मनुपर्ने आवश्यकता औँल्याइएको छ ।

गीतकार वाग्लेले यसै वर्ष अर्को 'फेरी पनि तीज आयो मन दुखाउन' शीर्षकको गीति एल्बम बजारमा ल्याएकी छिन् ।

**"गारो हुने मनका पीडा परेलीमा लुकाउन ।**
**फेरि पनि आयो तीज मन दुःखाउन ॥"**

उक्त टुक्काबाट सुरु गरिएको गीति एल्बममा समसामयिक विषयका साथै चेलीहरूका पीडा, व्यथा र बेदना समेटिएका गीत छन् । आफन्तको वियोग तथा आमा नहुनेले तीजमा महसुस गर्ने पीडालाई गीतमा देखाइएको वाग्लेले बताइन् । उनका अनुसार दुवै गीति एल्बम नमस्ते पोखरा स्टुडियोमा रेकर्ड भएका हुन् ।

गीतलाई नमस्ते पोखराको युट्युब च्यानलबाट पनि हेर्न सकिन्छ । गीतको निर्देशन छवि सुवेदीले गरेका छन् भने छायाङ्कन तथा सम्पादन सुपरस्टार स्टुडियोका निर्देशक शिवराज भूर्तेलले गरेका हुन् । छायाङ्कनमा नेवा खलः कास्की र नेवा मिसा पुच्च पोखरा-३ ले सहयोग गरेका छन् ।

पहिलोपटक विसं २०७४ मा 'आइन छोरी' गीत सार्वजनिक गरेकी गीतकार वाग्लेले त्यस बीचमा नरोए आमा, जागिरे नारीको पीडा-भाग एक, गरिन गुनासो, जागिरे नारी-भाग दुई, सहरको सुविधा र म, दर्जा बेरोजगारको, आउ सङ्गी रमाइलो गरौं बरिलै, रमाइलो माइतैमा, जड्याहा पोइ, शून्य छ जन्मेको घर बरिलैलगायत गीत सार्वजनिक गरिसकेकी छिन् । *रासस*

## रंगशाला

### किंग्स कप भलिबल

# किंग्स क्लब फाइनलमा



■ प्रभाव संवाददाता

काठमाडौं- विभागीय टोली नेपाल एपीएफ क्लबमाथि जित निकाल्दै आयोजक किंग्स क्लब दोस्रो संस्करणको किंग्स कप पुरुष भलिबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ ।

काठमाडौंको नयाँ बसपार्कस्थित ढोरपाटन स्पोर्ट्स क्लबको कोर्टमा शनिबार भएको खेलमा किंग्सले एपीएफलाई ३-० को सोझो सेटमा पराजित गर्दै उपाधिका लागि नेपाल पुलिससँगको भेट पक्का गरेको छ ।

किंग्सले २५-१८, २५-२२ र २६-२४ अन्तरले जित हात पारेको हो । शुक्रबार नै हुनुपर्ने आयोजक किंग्स क्लब काठमाडौं र विभागीय नेपाल एपिएफ क्लबबीचको दोस्रो सेमिफाइनल खेल निरन्तरको वर्षाका कारण स्थगित भएको थियो ।

तेस्रो सेट चलिरहँदा वर्षा भएपछि खेल पुन सुचारु हुन सकेको थिएन । फाइनल खेल आईतबार बिहान साढे ११ मा सुरु हुनेछ ।

एपीएफले भने तेस्रो स्थानका लागि आइतबार नै गण्डकी प्रदेशसँग खेल्नेछ । पहिलो सेमिफाइनल खेलमा गण्डकी नेपाल पुलिस क्लबसँग पराजित भएको थियो ।

नेपाल भलिबल संघको स्विकृतीमा भएको यस प्रतियोगितामा संघले प्राविधिक सहयोग प्रदान गर्नेछ ।

प्रतियोगिताको अनुमानित बजेट १७ लाख रहेको छ । आयोजक क्लबका महासचिव लक्ष्मण काप्रीका अनुसार पुरस्कार तर्फ मात्र ४ लाख रकम खर्च हुनेछ ।

प्रतियोगितामा प्रथम हुने टोलीले २ लाख २ हजार नगद प्राप्त गर्दा दोस्रो हुनेले १ लाख १ हजार नगद प्राप्त गर्ने छ । तेस्रो हुनेले नगद रु ५० हजार ५ सय र सान्त्वनाले रु २२ हजार २ सय प्राप्त गर्ने छ ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले ८ हजार नगद पुरस्कार पाउँने छ । हरेक विधाका उत्कृष्ट खेलाडीले जनही ३ हजार नगद पुरस्कार पाउँने छ ।

### महिला विश्वकप २०२३

# इङ्ल्याण्ड र अस्ट्रेलिया सेमिफाइनलमा

■ एजेन्सी

**काठमाडौं–** इङ्ल्याण्ड र अस्ट्रेलिया महिला विश्वकप फुटबलको सेमिफाइनलमा प्रवेश गरेका छन् । शनिबार भएको खेलमा इङ्ल्याण्डले कोलम्बियालाई २-१ गोल अन्तरले हराएको हो । इङ्ल्याण्डले फाइनल प्रवेशका लागि अब सह-आयोजक अष्ट्रेलियासँग प्रतिस्पर्धा गर्नेछ । खेलको ४४ औ मिनेटमा लेसी सान्तोषले गोल गर्दै कोलम्बियालाई अघि बढाएकी थिईन् । पहिलो हाफको इन्जुरी समयमा लारेन हेम्पले गोल गर्दै खेल बराबरीमा ल्याईन् ।

खेलको ६३ औं मिनेटमा एलेसिया रुसोले गोल गर्दै इङ्ल्याण्डलाई अन्तिम चारको यात्रा तय गराईन् । इङ्ल्याण्डले लगातार तेस्रो पटक सेमिफाइनलको यात्रा तय गरेको हो । उसले सन् २०१९ मा अमेरिका र सन् २०१५ मा जापानलाई हराउँदै अन्तिम चारको यात्रा तय गरेको थियो । त्यसैगरी शनिबार नै भएको अर्को खेलमा फ्रान्सलाई हराउँदै अष्ट्रेलियाले अन्तिम ४ मा स्थान पक्का गरेको हो । फ्रान्सलाई हराउने क्रममा अष्ट्रेलियाले सडनडेथकै साहारा लिन पर्यो । उसले सडनडेथमा फ्रान्सलाई ७-८ ले पराजित गर्‍यो । ब्रिसबेनमा निर्धारित र अतिरिक्त समयको खेल गोलरहित बराबरीमा सकिएपछि निर्णय पेनाल्टी सुटआउटमा गरिएको थियो । अष्ट्रेलियाले फाइनल प्रवेशका लागि इङ्ल्याण्ड र कोलम्बिया बीचको विजेतासँग प्रतिस्पर्धा गर्नेछ ।



# नेपालले चार देश सम्मिलित टी–२० सिरिज खेल्ने

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले चार देशसम्मिलित टी-ट्वान्टी क्रिकेट सिरिज खेल्ने भएको छ ।

मलेसियामा हुने सिरिजमा नेपालसहित घरेलु टोली मलेसिया, कुवेत र हङकङ छन् । नेपाल क्रिकेट संघ (क्यान)का अनुसार सिरिज अगष्ट २२ देखि २६ सम्म हुनेछ ।

वायुमास ओभलमा पाँच दिन चल्ने सिरिजमा शीर्षस्थानमा रहने टोलीले फाइनल खेल्दा दुई टोलीले तेस्रो स्थानको लागि खेल्ने तालिका छ ।

नेपालले पहिलो खेल अगष्ट २२ मा हङकङ, दोस्रो खेल अगष्ट २३ मा कुवेतसँग खेल्न छ ।

**नेपाली टोली**:

रुबिना क्षेत्री (कप्तान), सीता रानामगर, इन्दु बर्मा, विन्दु रावल, कविता कुँवर, पूजा महतो, कविता जोशी,, सम्झना खड्का, ईश्वरी विष्ट, काजोल श्रेष्ठ, रुवी पोदार, अप्सरी बेगम, अस्मिना कर्माचार्य, खुशी डंगोल



**बाढीको वितण्डा** | चीनको उत्तरपश्चिमी शान्सी प्रान्तको राजधानी सियानस्थित बाढीका कारण क्षतिग्रस्त सडक। सियान सहरमा शुक्रबार साँझ मुसलधारे वर्षाका कारण चट्टान र माटो खस्दा दुई जनाको मृत्यु भएको पुष्टि भएको छ भने अन्य १६ जना बेपत्ता भएका छन्। *तस्बिरः सिन्ह्वा*

# हवाई टापुको जंगलमा डढेलो, ६७ जनाको मृत्यु

**लहाइना–** हवाई टापुको माउई जंगलमा लागेको डढेलोमा परी ६७ जनाको मृत्यु भएको छ। उक्त दुर्घटनामा कयौं घाइते भएका छन्। विपत्तिको चेतावनी दिने 'इमर्जेन्सी साइरन' नबज्दा जनधनको व्यापक क्षति भएको जनसाधारणले गुनासो गरेका छन्।



डढेलोले हवाईका ग्रामीण क्षेत्रमा व्यापक क्षति पुऱ्याएको छ भने भवनहरू ध्वस्त भएका छन्, अस्पतालहरू भत्किएका छन् र सयौं विस्थापित भएका छन्। खरानीमा परिणत भएको आफ्नो घरको परिसरमा भेटिएकी एन्थोनी ग्रेसिया आगोले बाँकी राखेको स्थानमा ठूलो लामो औजारको सहायताले सरसफाइ गरिरहेकी छन्।

एक्ली उनले ईश्वरप्रति आफ्नो विश्वास टुटेको बताउँदै केही नगरी त्यसै बसेमा आफू बहुलाउनसक्ने दुःखेसो गरिन्। कुकुर, बिरालो, कुखुरा र अन्य चौपायाका हाडखोड फालिरहेकी उनी भष्मप्रायः भएको नजिकको रुखतिर हेर्दै फोहोर सफा नगरे महामारी फैलिनसक्ने बताउँछिन्।

शुक्रबार फेरि सल्किएको आगोले पश्चिम माउको कानापालीमा बासिन्दालाई घरबाहिर निस्कन बाध्य बनाएको विवरण माउ प्रहरी प्रभागले सामाजिक सञ्जालमा घोषणा गरे पनि नयाँ आगलागीको कुनै विवरण प्रदान दिएको छैन।

घर, पसल र व्यवसायको नामोनिशान छैन, सडक किनारमा राखिएका मोटरकार फलामका पातामा परिणत भएका छन्, टेलिफोनका खम्बा डढेर काला भएका छन्, पैदलयात्री मार्गको खरानी पन्साउँदै हिँड्नुपर्ने अवस्था छ, सबैतिर अग्निको विनास नै विनासमात्र देखिन्छ।

आगलागीबाट भएको क्षतिको पूर्ण विवरण आउन बाँकी छ। सम्बन्धित निकायका अधिकारीले स्थिति साम्य हुनेबित्तिकै क्षतिको मूल्यांकन गरिने बताएका छन्। आगालागी भएको स्थानको सरसफाइमा वारुणयन्त्रका कर्मचारीले पनि साथ दिइरहेका छन्।

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ। दशकौंमा हुने यो प्राकृतिक विपत्तिमा सुनामीमा भन्दा धेरैले ज्यान गुमाएका छन्। सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने १६० जनाले ज्यान गुमाएका थिए। त्यसपछि आपत्कालको सूचना दिन सहरबजारमा साइरन जडान गर्न थालियो तर यसपटक वनबाट फैलिएको आगोले माउईलाई जलाउँदा ती साइरन किन बजेनन् भन्ने प्रश्नको उत्तर हवाईका जनताले खोजिरहेका छन्। *रासस/एपी*

# ताइवानका उपराष्ट्रपति अमेरिका हुँदै पराग्वे भ्रमणमा

**ताइपेई–** ताइवानका उपराष्ट्रपति विलियम लाइ संयुक्त राज्य अमेरिका हुँदै दक्षिण अमेरिकी मुलुक पराग्वेको भ्रमणमा जाने भएका छन्। पराग्वेको राष्ट्रपतिमा निर्वाचित सान्टियागो पेनाको पदबहाली समारोहमा सहभागी हुन ताइवानी नेता असुनसियनतर्फ प्रस्थान गर्न लागेका हुन्। पराग्वेका जनतालाई ताइवानको शुभकामना व्यक्त गर्न केहीबेरमा असुनसियनतर्फ प्रस्थान गर्न लागेको उनले सामाजिक सञ्जालमा उल्लेख गरेका छन्।



ताइवनी नेताहरूबाट हुने हरेक विदेश भ्रमणलाई चीनले गम्भीर भएर हेर्ने गरेको छ। अमेरिका भ्रमण उसका निम्ति अत्यन्त संवेदनशील विषय बन्दै आएको छ। यसअघि राष्ट्रपति साइ इंगवेनको भ्रमणबाट क्रुद्ध भएको बेइजिङले उपराष्ट्रपतिको भ्रमणलाई लिएर अहिलेसम्म केही प्रतिक्रिया जनाएको छैन।

ताइवान आफ्नो भूमि भएको दाबी गर्दै बेइजिङले आवश्यक परेमा बल प्रयोग गरेर एक दिन आफ्नो नियन्त्रणमा ल्याउन सकिने बताउँदै आएको छ। उसले त्यहाँ राजनीतिक एवं सैन्य दबाब पनि बढाउँदै आएको छ। ताइवानसँग अन्य देशले औपचारिक सम्बन्ध स्थापना तथा भ्रमणलगायत अन्य तहमा हुने आदानप्रदानको बेइजिङले विरोध गर्दै आएको छ। संसारका सबै देशबाट 'एक चीन सिद्धान्त'को पूर्णपरिपालना हुनुपर्नेमा पनि उसले जोड दिँदै आएको छ।

आगामी वर्ष हुने राष्ट्रपतीय निर्वाचनका उम्मेदवार उपराष्ट्रपति विलियम प्रस्थानका क्रममा न्युयोर्क र स्वदेश फर्कंदा सान फ्रान्सिस्कोमा रोकिने कार्यक्रम छ। अमेरिकामा रहँदा अमेरिकी मित्रहरूलाई भेट्न आफू उत्साहित रहेको उनले सामाजिक सञ्जालमा उल्लेख गरेका छन्। भर्जिनियामा रहेको ताइवानको अमेरिकी संस्थानका अध्यक्ष लौरा रोजेनबर्गरले उनलाई स्वागत गर्न अमेरिकी अधिकारीहरू उत्सुक रहेका बताएकी छन्।

गत अप्रिलमा क्यालिफोर्नियामा राष्ट्रपति साईले अमेरिकी प्रतिनिधिसभाका सभामुख केभिन म्याकार्थीसँग भेट गरेपछि रिसाएको चीनले ताइवानको जलक्षेत्र र आकाशमा बृहत् शक्ति प्रदर्शनका साथ तीनदिने सैन्य अभ्यास गरेको थियो।

ताइवानको शान्ति र स्थायित्वमा आँच आउने गतिविधि बेइजिङले गर्न नहुनेमा उपराष्ट्रपति विलियमले जोड दिँदै आएका छन्। ताइवानको जल र हवाई क्षेत्रमा विगतमा उसले गरेका उत्तेजक गतिविधिलाई लिएर उनले त्यसो भनेका हुन्। *रासस/एएफपी*

# आसियान मन्त्रीस्तरीय बैठकमा लागुऔषध नियन्त्रण सहकार्यबारे छलफल

**भेन्टियान–** लागुऔषधसम्बन्धी मामिलामा दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान)को आठौं मन्त्रीस्तरीय बैठक लाओको राजधानी भेन्टियानमा सम्पन्न भएको छ।

उक्त बैठकमा मूलरूपमा लागुऔषधमुक्त आसियानको अभियानलाई साकार पार्न अवैध लागुऔषधविरुद्धको सहकार्यबारे छलफल भएको छ। शुक्रबार लाओका उपप्रधान तथा सार्वजनिक सुरक्षामन्त्री विलाय लखामफोङको अध्यक्षतामा बसेको बैठकमा आसियान सदस्य राष्ट्रहरू र टिमोर-लेस्टेका प्रतिनिधि पर्यवेक्षकका रूपमा उपस्थित रहेको लाओ नेसनल रेडियोले उल्लेख गरेको छ।

बैठकमा अवैध लागुऔषधविरुद्ध समुदाय सुरक्षित गर्ने आसियान कार्य योजना २०१६ को कार्यान्वयनको प्रगतिका बारेमा पनि छलफल भएको थियो। सो अवसरमा यस क्षेत्रको वर्तमान अवैध लागुऔषध अवस्थाबाट उत्पन्न हुनसक्ने चुनौतीको प्रभावलाई सम्बोधन र न्यूनीकरण गर्ने कार्यमा जोड दिँदै संवादलाई बढावा दिँदै र सूचनाको आदानप्रदानलाई सहज बनाउँदै लैजाने कुरामा जोड दिइएको छ।

बैठकले प्रत्येक आसियन सदस्य राष्ट्रहरूको कानुनबमोजिम लागुऔषधमुक्त आसियानलाई साकार पार्ने प्रयासमा लागुऔषध समस्या समाधान गर्न आसियान मन्त्रीबीचको दृढ प्रतिबद्धतालाई पुनः पुष्टि गरेको सहभागीले बताएका छन्। *रासस/सिन्ह्वा*

# ३३ जना सिरियाली सैनिक मारिए

**बेरुत–** इस्लामिक स्टेट (आइएस) समूहका लडाकुले सिरियाको देइर एजोर प्रान्तको मायादीन नजिकैको मरुभूमिमा सैनिक जवान सवार बसलाई घेरेर आक्रमण गर्दा ३३ जनाको मृत्यु भएको छ।

युद्ध अनुगमन गर्ने बेलायती स्वतन्त्र संस्था सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सका अनुसार सेनाका जवान सवार बसमा बिहीबार साँझ भएको आक्रमणमा उनीहरू मारिएका हुन्।

आइएसका जेहादीले विशाल सिरियाली मरुभूमिमा लुक्दै विभिन्न ठाउँमा विद्युतीय धराप थाप्ने तथा प्रहार गर र भाग (हिट एण्ड रन) आक्रमण गर्दै आएको छ। यो हमला यो वर्ष भएका आक्रमणमध्ये सबैभन्दा घातक हो। आइएस लडाकुले सर्वसाधारणका साथै सरकारी सेनालाई निशाना बनाउँदै आएका छन्।

यसअघि आइएस लडाकुले आफ्नो पूर्वगढ राका प्रान्तमा १० जना सिरियाली सैनिकको हत्या गरेका थिए। सरकारी सेनाले राका प्रान्तको दक्षिण र पूर्वका ग्रामीण क्षेत्रमा नियन्त्रण कायम गरेका छन् भने कुर्द लडाकुले बाँकी भागमा आफ्नो आधिपत्य जमाएका छन्। सन् २०१७ सम्म राका सहर आइएस समूहको क्रूरता केन्द्र बनेको थियो। *रासस/एएफपी*

# पश्चिम भारतमा सडक दुर्घटना, १० जनाको मृत्यु

**नयाँदिल्ली–** भारतको पश्चिमी गुजरात राज्यमा शुक्रबार भएको सडक दुर्घटनामा तीन बालबालिका र पाँच महिलासहित १० जनाको मृत्यु भएको छ। साथै अन्य १३ जना घाइते भएको स्थानीय प्रहरी अधिकारीले बताएका छन्।

राज्यको अहमदाबाद जिल्लाको बाभला-बगोदरा राजमार्गमा यात्रुवाहाक गाडी रोकी राखेको ट्रकसँग ठोक्किएपछि सो दुर्घटना भएको हो। पीडितहरू नजिकैको जिल्लामा धार्मिक कार्यक्रममा सहभागी भई फर्कने क्रममा दुर्घटनामा परेका थिए। घाइतेलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले सो दुर्घटनामा ज्यान गुमाउनेप्रति गहिरो दुःख व्यक्त गरेका छन्। उनले प्रत्येक मृतकका आफन्तलाई दुई लाख भारतीय रूपैयाँ र प्रत्येक घाइतेलाई ५० हजार भारतीय रूपैयाँ क्षतिपूर्ति दिने घोषणा गरेका छन्। *रासस/सिन्ह्वा*

# अमेरिकामा आत्महत्या गर्नेको संख्या उच्च

**न्युयोर्क–** अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रहरूको अस्थायी तथ्यांकले अन्य कुनै पनि वर्षको तुलनामा गत वर्ष आत्महत्याका कारण धेरै अमेरिकीको मृत्यु भएको देखाएको छ।

सन् २०२२ मा ४९ हजार ४४९ जनाको ज्यान गुमाएका छन्। प्रत्येक एक लाख मानिसमा लगभग १५ जनाको मृत्यु आत्महत्याबाट हुने गरेको सिएनएनले बिहीबार डाटालाई उद्धृत गर्दै उल्लेख गरेको छ।

विगत दुई वर्षमा यहाँ आत्महत्या गर्नेको संख्यामा १० प्रतिशतले वृद्धि भएको पाइएको छ। तथ्यांकले अप्राकृतिक मृत्युमध्ये सन् २०२१ मा आत्महत्या ११औं प्रमुख कारणमा रहेको त्यस्तै २०२२ को अस्थायी तथ्यांकले पनि त्यसैलाई पुष्टि गरेको छ। *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

**पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञानज्योति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १११९०० | प्रति तोला – ११०५५० | प्रति तोला – १३७५ |



विश्व हात्ती दिवसको अवसरमा चितवनको सौराहामा शनिबार आयोजित कार्यक्रममा हात्तीलाई खाना खुवाइँदै । *तस्बिरः नारायण अधिकारी/रासस*

# ‘युवाले नै देशको रूपान्तरण गर्ने हो’

**ललितपुर (प्रस)–** अर्थमन्त्री डा. प्रकाशशरण महतले युवाले नै नेपालको रूपान्तरण गर्ने विश्वास व्यक्त गरेका छन् । अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा युवा संस्था सञ्जाल नेपाल (आयोन) द्वारा ललितपुरमा आयोजित कार्यक्रममा उनले नेपालको आर्थिक विकास र रूपान्तरणमा युवाको महत्वपूर्ण भूमिका रहेको बताए ।

‘युवाले नै नेपालको रूपान्तरण गर्ने हो । विदेशमा सबै कुरा हुन्छ भन्ने सोचेर विदेश जाने मात्रै धारणा र सोच नबनाउनुस्, विदेशमाभन्दा नेपालमा नै धेरै काम गर्न सकिन्छ, नेपालमा धेरै कुरा गर्न बाँकी छ, कहाँ अवसर छ भनेर सुक्ष्म दृष्टिबाट सोचेर अवसर खोज्नुस्,’ अर्थमन्त्री डा महतले भने, ‘युवालाई विदेशिनबाट रोक्ने कसरी भन्ने अहिले महत्वपूर्ण बनेको छ । युवामा भएका क्षमता, योग्यता, सम्भावनालाई यही सदुपयोग गर्नु आवश्यक छ । अध्ययनका लागि विदेश जानुभयो भने पनि फर्कनु होला ।’

नेपाली युवाले सफ्टवेयर बनाएर एक्सपोर्ट गरिरहेको बताउँदै डा. महतले नेपालमा सूचना र प्रविधिका क्षेत्रमा काम गर्ने धेरै अवसर र सम्भावना रहेको तर्क इङ्गीत गरे । उनले बजेटमा युवा उद्यमशीलाका लागि एक अर्ब रकम छुट्याएको बताउँदै युवालाई युवा स्वरोजगार कोष, मन्त्रालयमार्फत प्रस्ताव पेस गर्नसक्ने बताए । युवा उद्यमीलाई तीन प्रतिशत व्याजमा ऋण पाउने व्यवस्था रहेको बताउँदै डा. महतले आयोनलाई सहजकर्ताको भूमिका निर्वाह गर्न आग्रह गरे ।

राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले नेपालमा सन् २००४ देखि दिवस मनाउने परिपाटी सुरु भएको बताउँदै चौबिसौं अन्तर्राष्ट्रिय युवा दिवस मनाउँदा वार्षिक छदेखि सात लाख युवा विदेशिने गरेको तथ्याङ्क रहेको बताए । उनले सरकारलाई उद्यमशीलताका लागि कार्यक्रम ल्याउन र सोहीअनुसार युवाका लागि आवश्यक बजेट व्यवस्थापन गर्न आग्रह गरे ।

कार्यक्रममा ९२ वटा युवा संस्था आबद्ध रहेको युवा संस्था सञ्जाल नेपाल (आयोन)का तर्फबाट अध्यक्ष विकल राईले युवाका आवश्यकतालाई ध्यानमा राखेर तयार पारिएको मागपत्र हस्तान्तरण गरे ।

विद्युत प्राधिकरण वार्षिकोत्सव

# विद्युतीय सवारीसाधनको प्रयोग प्रवर्द्धन गर्न र्‍याली

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले देशभित्र उत्पादित स्वच्छ हरित ऊर्जाको यही खपत बढाउनका लागि विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन र प्रवर्द्धन गर्न र्‍याली आयोजना गरेको छ । आफ्नो ३८औं वार्षिकोत्सवको अवसरमा प्राधिकरणले विद्युतीय सवारी साधनको प्रयोग र प्रवर्धनका लागि र्‍याली आयोजना गरेको हो ।

प्राधिकरणको प्रधान कार्यालय रत्नपार्कबाट सुरु भएको विद्युतीय सवारी साधनको र्‍याली माइतीघर, नयाँ बानेश्वर, तीनकुने, सिनामङ्गल, एयरपोर्ट, गौशाला, चावहिल, महाराजगञ्ज, लाजिम्पाट, लैनचौर, दरबारमार्ग हुँदै पुनः रत्पार्कमा पुगी सम्पन्न भएको थियो । र्‍यालीको उद्घाटन गर्दै ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले देशभित्र उत्पादित विद्युत्को खपत बढाउन र स्वच्छ वातावरणका लागि विद्युतीय सामग्री तथा सवारी साधनको प्रयोगलाई प्रोत्साहन र प्रद्धन गर्ने नीति सरकारको रहेको बताए । उनले पेट्रोलियम पदार्थको आयात कम गर्न विद्युतीय सवारी साधन र सामग्रीको प्रयोग बढाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरे, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपालका पदाधिकारी, विद्युतीय सवारी साधनका प्रयोकर्तालगायतको उपस्थिति थियो । प्राधिकरणले सहरी क्षेत्रका लागि विद्युतीय गाडी मात्र किन्ने नीति लिएको छ । पेट्रोल र डिजेलबाट चल्ने गाडीलाई विद्युतीय बनाउने कार्यक्रम अगाडि बढाइएको छ ।

प्राधिकरणले विद्युत् खपत अझ बढाउन तथा विद्युतीय सवारी साधनलाई प्रोत्साहित गर्न देशभरका विभिन्न ठाउँमा ५१ चार्जिङ स्टेसन निर्माण गरेको छ । थप १३ स्टेसन निर्माण प्रक्रिया अगाडि बढाइएको छ । त्यस्तै, निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने नीतिअनुरूप देशका विभिन्न ठाउँमा एक सयभन्दा बढी चार्जिङ स्टेसन जडान भइरहेका छन् । चार्जिङ स्टेसनको महसुलमा विशेष सहुलियत प्रदान गरिएको प्राधिकरणले जनाएको छ ।

चार्जिङ स्टेसन रहने स्थानसम्म लाइन निःशुल्क निर्माण गरिदिने र दुई सय केभिएसम्मको विद्युत् प्राधिकरणको ट्रान्सफर्मरबाट दिने व्यवस्था गरिएको छ । विद्युतीय सवारी साधनको प्रयोग पनि बढ्दै गएको छ । आव २०७७/७८ मा चार पाङग्रे सवारी साधन (कार, जिप) दुई सय ४९ आयात गरिएकामा गत आर्थिक वर्षमा चार हजार पाँच सय ७० आयात गरिएका थिए । तीन वर्षमा आयात भएका विद्युतीय सवारी साधनको संख्या छ हजार छ सय २६ रहेको छ । साथै, ६० विद्युतीय बस आयात गरिएका प्राधिकरणले जनाएको छ। तीन वर्षमा नौ हजार सात सय ९० दुई पाङग्रे सवारी साधन आयात गरिएका छन् ।

## विद्युतीय सवारीको प्रयोग बढाउनुपर्छ : मन्त्री बस्नेत

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले स्वच्छ वातावरणका लागि विद्युतीय सवारी साधनको प्रयोग बढाउनुपर्ने बताएका छन् । नेपाल विद्युत् प्राधिकरणको ३८औं वार्षिकोत्सवको पूर्वसन्ध्यामा आयोजित कार्यक्रममा सञ्चारकर्मीसँग कुरा गर्दै उनले स्वच्छ वातावरणका लागि विद्युतीय सवारी साधनको प्रयोग आवश्यक भएको उल्लेख गरे । ‘विद्युतीकरणको माध्यमबाट देशको आर्थिक विकास र समुन्नति सम्भव छ’, मन्त्री बस्नेतले भने । विद्युतीकरणको माध्यमबाट देशको आर्थिक विकास, समुन्नति र स्वच्छ वातावरणको क्षेत्रमा प्राधिकरणले महत्वपूर्ण योगदान गरेको उनले उल्लेख गरे । विद्युत्को खपत बढाउन र विद्युतीय सवारी साधनको प्रयोग बढाउनका लाग्नुपर्ने मन्त्री बस्नेतको भनाइ थियो ।

## फोहोरको प्रयोगबाट निर्माण सामग्रीको उत्पादन !

**काठमाडौं (प्रस)–** नेपाल इको प्यानलले खेर गएको पदार्थ थर्मोकोलको प्रयोग गरेर इको प्यानलको उत्पादन थालेको छ । व्ल्यु वेष्ट टु भ्यालु नामक संस्थाले संकलन गरी पठाइदिएको थर्मोकोललाई रिसाइकल गरी केही निश्चित प्रतिशत प्रयोग गरी नेपाल इको प्यानल बनाएर फोहोरलाई मोहर बनाउन थालेको हो । म्युनिसिपल वेष्टको रूपमा रहेका थर्मोकोलको सदुपयोग गरी नेपाल इको प्यानलले फोहोरको समस्यालाई समाधान मात्रै नगरी उपयोगीसमेत बनाएको हो । बताइए अनुसार इको प्यानल उत्पादनमा थर्मोकोल पनि आवश्यक हुन्छ ।



नेपाल इको प्यानलका प्रमुख कार्यकारी अधिकृत (सिइओं) इन्जिनियर कृष्णभक्त दुवालले आफू वातावरण विज्ञानको पनि विद्यार्थी र निर्माण सामग्रीमा हरित क्रान्ति आवश्यक भएको भनेर लविंग गरेर हिडेकोले वातावरण प्रदूषण हुनबाट जोगाउन यसो गरिएको बताए । एकातिर फोहोरको समस्या समाधान हुने र अर्कोतिर समस्या बनेको फोहोरको सही सदुपयोगले दोव्वर फाइदा पुगेको उनको भनाइ छ ।

निर्माण सामग्री इको प्यानलको उत्पादन गर्दा सक्दो रूपमा वातावरणलाई नकारात्मक प्रभाव नदिने उनको भनाइ थियो । एकातिर वातावरण विनास नगर्ने र अर्कोतिर निर्माण सामग्री कारखानाबाट उत्पादनको क्रममा वातावरण प्रदूषण गर्न नदिने जस्तै धुवा ननिकाल्ने, फोहोर ननिकाल्नेलगायतका उपायबाट आफूले इको प्यानलको उत्पादन गर्दै गरेको उनी बताउँछन् । यही कारण वातावरणलाई नकारात्मक प्रभाव नपार्ने निर्माण सामग्रीको प्रयोगमा जोड दिनुपर्ने विशेष आग्रह उनको छ ।

# बजेट नहुँदा अघि बढेन नमूना सदरमुकामको काम

■ प्रभाव संवाददाता

**नवलपुर–** कान्छो जिल्लाका रूपमा रहेको नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा शिलान्यास भएको चार वर्ष बितिसक्दा पनि नमूना सदरमुकामको काम अझै सुरु हुन सकेको छैन ।

बहुवर्षीय आयोजनामा बजेट सुनिश्चित नहुँदा काम गर्न नसकिएको सघन सहरी तथा भवन निर्माण आयोजना चितवनले जनाएको छ । ‘नमूना सदरमुकाममा निर्माण हुने भवन, सडकलगायतका संरचनाका लागि रु तीन अर्ब ५० करोड अनुमानित लागत तयार पारी विभागमा पठाएका छौं’, कार्यालयका सूचना अधिकारी ओमबहादुर खड्काले भने, ‘नमूना सदरमुकाम निर्माणका लागि बहुवर्षीय स्रोत सुनिश्चित भएको छैन । बहुवर्षीय स्रोत स्वीकृत नभएसम्म निर्माण अघि बढाउन सक्ने अवस्था छैन ।’

कावासोती-३ मा बन्ने भनिएको नमूना सदरमुकाम निर्माणका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) पनि स्वीकृत नभएको खड्काको भनाइ छ । ‘इआइएको काम पूरा भइसकेको छ, तर स्वीकृत भएको छैन’, उनले भने, ‘यो स्वीकृत नहुनु पनि काम अघि बढाउन नसक्नुको कारण हो ।’

नमूना सदरमुकामको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) गण्डकी प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले निर्माण गरेको हो । तर डिपीआर पनि बारम्बार संशोधन भइरहँदा निर्माण अगाडि बढ्न नसकेको उनको भनाइ छ ।

‘कावासोतीको एक सय ८४ बिघा क्षेत्रफलमा नमूना सदरमुकाम निर्माण अघि बढ्ने गरी डिपीआर तयार भएको छ’, उनले भने, ‘यहाँ निर्माण हुने जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतबाहेकका सबै सरकारी कार्यालयको भवन एकै ढाँचामा निर्माण हुनेछन् ।’

जिल्ला प्रशासन कार्यालय र जिल्ला अदालतले आफ्नो बेग्लै ढाँचामा भवन निर्माण गर्ने भए पनि अन्य सरकारी भवन भने एकै ढाँचामा निर्माण हुने र एउटै भवनमा दुईभन्दा बढी कार्यालय सञ्चालन हुने उनले बताए ।

नवलपुरमा सङ्घीय सरकार मातहतका २१ तथा गण्डकी प्रदेश सरकार मातहतका ११ वटा कार्यालय रहनेगरी डिपीआर संशोधन गरिएको खड्काले बताए । सरकारी अ•ासँगै पुस्तकालय, सभाहल, बैंक, अतिथिगृह, आवासगृह, रङ्गशाला, सूचना केन्द्र, प्रहरी तालिम केन्द्र, पार्कलगायतका संरचनासमेत यहाँ निर्माण गर्ने योजना छ । यी संरचना निर्माणका लागि चार वर्ष पहिले योजना अघि सारिएको थियो ।

‘नमूना सदरमुकाम निर्माणको अन्तिम लागत तयार पारेर चार महिनाअघि सहरी विकास तथा भवन निर्माण विभागमा पेस गरेका छौं’, उनले भने, ‘बजेटको स्रोत सुनिश्चित नभएका कारण लागत स्वीकृत भएको छैन ।’

सहरी विकास मन्त्रालयबाट बजेटको स्रोत सुनिश्चित भएर लागत स्वीकृत हुने बित्तिकै काम सुरु गर्ने आयोजनाको तयारी रहेको उनको भनाइ छ । बहुवर्षीय बजेटको स्रोत सुनिश्चित नहुँदा गत आवमा नमूना सदरमुकामका लागि बिनियोजित बजेट फ्रिज भएको उनले जानकारी दिए ।

‘गत आर्थिक वर्ष २०७९/८० मा नमूना सदरमुकामको भवन निर्माणका लागि रु १० करोड तथा सडक निर्माणका लागि रु ३३ करोड ९५ लाख बजेट विनियोजन भएको थियो’, उनले भने, ‘बहुवर्षीय बजेट सुनिश्चित नहुनु, इआइए स्वीकृत नहुनु तथा लागत स्वीकृत नहुनुका कारण काम हुन सकेन र उक्त बजेट फ्रिज भयो ।’ खड्काका अनुसार चालु आव २०८०/८१ मा समेत भवन निर्माणका लागि रु २० करोड तथा अन्य पूर्वाधारका लागि रु एक करोड बजेट विनियोजन भएको छ ।

‘इआइए स्वीकृत तथा बहुवर्षीय बजेटको स्रोत सुनिश्चित भएपछि हामीले ठेक्का निकालेर नमूना सदरमुकाम निर्माण सुरु गर्छौं’, सूचना अधिकारी खड्काले भने । नवलपुरमा नमूना सदरमुकाम नबन्दा अधिकांश सरकारी कार्यालय भाडाको घरमा सञ्चालन भइरहेका कोष तथा लेखा नियन्त्रक कार्यालय नवलपुरका सूचना अधिकारी जीतनारायण महतोले बताए । जिल्लामा सञ्चालित सङ्घीय तथा प्रदेश सरकार मातहतका कार्यालयले घरभाडाबापत मात्रै मासिक रु १० लाखभन्दा बढी बुझाउने गरेका महतोले जानकारी दिए ।

## कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **प्रभाव पब्लिकेशन प्रा.लि.** को **रेभिन्यू शाखामा कलेक्टर** पदमा कार्यरत **विदुरनाथ पौडेल** कुनै सूचनाविना कार्यालयमा अनुपस्थित भई सम्पर्कबाहिर रहेको हुँदा यस प्रा.लि.को सञ्चालक समितिको निर्णयअनुसार निजलाई सम्पूर्ण जिम्मेवारीबाट हटाइएको जानकारी गराउँदै आजको मितिबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनुहुन सम्बन्धित सबैलाई यसै सूचनामार्फत आग्रह गर्दछौं । साथै, आजको मितिबाट कसैले निजसँग आर्थिक वा अन्य कारोबार गरेमा यस प्रा.लि. जवाफदेही नहुनेसमेत जानकारी गराउँछौं ।

**प्रभाव पब्लिकेशन प्रा.लि.**
Shifal-7, Kathmandu, Nepal, Tel: +977-1-4373577, Whatsapp: 9761815400
E-mail : marketing2prabhab@gmail.com, prabhbadaily@gmail.com




अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्सप्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ